




PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

eprateekdaily.com





Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095



❖ वर्ष ३५ ❖ २०७८ मङ्सिर १८ गते शनिवार // मृत भस्म नबन्देमा झिल्को भैकन बल्नुछ // 2021 December 04 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९८


## वीरगंजमा प्रदेशस्तरीय मानवीय सहायता स्थलको उद्घाटन

प्रस, परवानीपुर, १७ मङ्सिर/

वीरगंजमा प्रदेश नं २ को प्रदेशस्तरीय मानवीय सहायता स्थलको उद्घाटन भएको छ । गृहसचिव टेकनारायण पाण्डेले वीरगंजको एकीकृत भन्सार जाँच चौकी (आइसिपी)मा निर्माणाधीन सहायता स्थलको उद्घाटन गरेका हुन् ।

आइसिपीमा सहायता स्थलको उद्घाटन गर्दै गृहसचिव पाण्डेले भूकम्प, बाढी, पहिरो, चक्रवातलगायत विभिन्न दैवी विपद्बाट प्रभावितहरूको उद्धार तथा सहायताको लागि दातृ निकायको सहयोगमा निर्माण गरिएको सहायता स्थलमा विपद्मा काम गर्ने टीम नै स्थापना भएको बताए। उनले नेपाल सरकारको क्रियाशीलतामा ब्रिटिश सरकारको युकेएड तथा विश्व खाद्य कार्यक्रम (डब्लुएफपी)को आर्थिक सहयोगमा नेपालमा सातवटा प्रदेशका सातवटा ठाउँमा र चारवटा घुम्ती मानवीय सहायता स्थल गरी जम्मा ११ वटा सहायता स्थल बनाउने सरकारको नीति रहेको जानकारी गराए ।



कार्यक्रममा बोल्दै प्रमुख अतिथि गृहसचिव पाण्डे, विपद् व्यवस्थापन महाशाखा प्रमुख हुमकला पाण्डे र सहायतास्थलको उपकरण अवलोकन गरिँदै । तस्वीरः प्रतीक

सहायता स्थलमा प्रदेश सरकारले समन्वय गर्ने र स्थानीय सुरक्षा अङ्गहरू मिलेर विपद्को समयमा विपद् व्यवस्थापन गर्ने सरकारको लक्ष्य छ । वीरगंजसँगै नेपालगंज, भैरहवा, पोखरा, धनगढी, जुम्ला, तेह्रथुम, बर्दियालगायत ठाउँमा सहायता स्थल निर्माण भइरहेका छन् । एउटा सहायता स्थलको निर्माण खर्च र आवश्यक सामग्रीको व्यवस्थापनमा करीब डेढ करोड रुपैयाँभन्दा बढी खर्च भएको छ ।

गृह मन्त्रालय अन्तर्गत विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाकी प्रमुख हुमकला पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश २ का आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव रामकुमार महतो, युकेएड अन्तर्गतको एफसिडिओका प्रतिनिधि हेनरी डोनार्टी, डब्लुएफपीका नेपाल निर्देशक रोबर्ट कास्कालगायतले मन्तव्य व्यक्त गरेको डब्लुएफपीकी सञ्चारप्रमुख मोनिका उपाध्यायले जानकारी गराइन् ।

कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी उमेशप्रसाद ढकाल, वीरगंज महानगरका प्रमुख प्रशासकीय अधिकृत निश्चलराज पाण्डे, पर्साका प्रहरी उपरीक्षक रमेशकुमार बस्नेत, सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्कालगायत बाराका सुरक्षा अधिकारी र नेपाली सेनाका पर्सा/बाराका गणपतिहरूको सहभागिता थियो ।

## सुखचैना माविका विद्यार्थीसँग सरोकारवालाको छलफल

प्रस, परवानीपुर, १७ मङ्सिर/

वीरगंज–२१ लिपनीबिर्तास्थित नेरा गीता गजेन्द्रराज जोशी माविका विद्यार्थीहरूसँग सरोकारवालाले छलफल गरेको छ ।



विद्यार्थीसँग छलफल गर्दै सरोकारवालाहरू । तस्वीरः प्रतीक

शुक्रवार दिउँसो विद्यालय परिसरमा आयोजित कार्यक्रममा वीरगंज महानगरको शैक्षिक प्रशासन महाशाखाका अधिकृत हरिराउत कुर्मी, वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरीक्षक दिनेश गौतम, विद्यालयका प्रधानाध्यापक राजकुमार सिंहलगायत शिक्षकहरूले विद्यार्थीहरूसँग विद्यालयमा देखिएका कमीकमजोरीका विषयमा छलफल गरेका हुन् ।

छलफलमा विद्यार्थीहरूले शिक्षक–विद्यार्थीहरू पोशाकमा आउनुपर्ने, रूटिन अनुसार अध्ययन हुनुपर्ने, प्रयोगशाला, पुस्तकालय, खानेपानीको उचित प्रबन्ध हुनुपर्ने र अङ्ग्रेजी, विज्ञान, गणितको नियमित कक्षा सँगसँगै कोचिङको पनि व्यवस्थापन गर्नुपर्नेलगायत माग उठाएका थिए । केही शिक्षकले आचरणविपरीत काम गर्नेहरूलाई कारबाई गर्नुपर्नेलगायतका माग विद्यार्थीहरूको थियो। यस विषयमा विद्यार्थीहरूको सुझाव सुन्दै वीरगंज महानगरको शैक्षिक महाशाखाले आगामी दिनमा समस्या समाधान गर्दै जाने महाशाखाका शिक्षा अधिकृत कुर्मीले आश्वासन दिए ।


छोरीलाई दाइजो होइन
शिक्षा दिऔं,
सबल, सक्षम र
आत्मनिर्भरताको दीक्षा
दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## सिम्रौनगढमा जनमत पार्टीको अधिवेशन

प्रस, सिम्रौनगढ, १७ मङ्सिर/

बाराको सिम्रौनगढमा जनमत पार्टीको नगर अधिवेशन शुरू भएको छ।




उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रमुख अतिथि केन्द्रीय उपाध्यक्ष वसन्त कुशवाहाले काङ्ग्रेस, एमाले, जसपा, लोसपा, माओवादी डेट एक्सपायर औषधिजस्तै भएको बताए। उनले जनमत पार्टी नयाँ ब्रान्डेड औषधि भएकोले जनताको रोग यसले निको पार्ने बताए।

रामनाथ ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा सांस्कृतिक सङ्घका केन्द्रीय अध्यक्ष आरके राउत, केन्द्रीय सदस्य ओमप्रकाश साह, रोशनी खातुन, विनय गुप्ता, मुकेश महतोलगायतले मन्तव्य राखेका थिए भने कार्यक्रम सञ्चालन चन्दनकुमार शर्माले गरेका थिए ।

अधिवेशनको बन्दसत्रले रामनाथ ठाकुरको अध्यक्षतामा २१ सदस्यीय जनमत पार्टी सिम्रौनगढ नगर कमिटी गठन गरेको छ। कमिटीको उपाध्यक्षमा रामकिशोरप्रसाद कुशवाहा, रामतुलाह अन्सारी, सूचना कुमारी, सचिव चन्दनकुमार शर्मा, सहसचिव रेणुकुमारी यादव, योगेन्द्र मुखिया, कोषाध्यक्ष धर्मेन्द्र यादवलगायत सदस्यहरू रहेका छन् ।

## झलमैया प्रावि राजनीतिको शिकार

प्रस, ठोरी, १७ मङ्सिर/

छिपहरमाई गाउँपालिका–३ झलमैयास्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा राजनीति पसेको छ ।

गाउँपालिकाले शिक्षाको स्तर बढाउन कम्प्युटर उपलब्ध गराए पनि विद्यालयमा हालसम्म विद्युत् लाइन नै छैन । प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबीच कुरा नमिल्दा विद्युत् जडान हुन नसकेको स्रोतको भनाइ छ ।

प्रअ र अध्यक्ष फरक राजनीतिक विचारधाराका रहेकाले उनीहरूबीच मनमुटाव छ । विद्यालयमा कम्प्युटर थन्काएर राखिएको छ ।

यस विषयमा प्रअ चन्द्रभूषण पाण्डेसित बुझ्दा विद्यालयमा विद्युत्को सुविधा नहुँदा कम्प्युटर थन्काइएको बताए। उनले विद्युत् जडान गर्न समेत विद्यालयसित रकम नभएको बताए ।

तर स्थानीय स्रोत अनुसार विद्यालयका प्रअ पाण्डेको अवकाश हुने चाँडै भएकोले विद्युत् जडानमा कुनै चासो नदेखाइ रकम खान खोजेको आरोप छ।

विद्युत् मिटर लिने प्रक्रिया पूरा भइसकेको तर प्रअको कारण हालसम्म मिटर जडान नभएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बजडी साहले बताए।

## डिएपी मलको अभाव यथावत

बलिराम शुक्ला, बिरुवागुठी, १७ मङ्सिर/

पर्सागढी नगरपालिकामा डिएपी मलको अभाव हुँदा कृषकहरू चिन्तित भएका छन् ।



तस्वीरः प्रतीक

गहुँ, दलहन र तेलहन बाली लगाउने समयमा डिएपी मलको आवश्यकता पर्छ तर किसानहरूले मल नपाउँदा चिन्ता बढेको पर्सागढी नपा–३ का किसान नन्दलाल चौधरीले बताए ।

ग्रामीण भेगमा रहेका कृषि सहकारी संस्थाका मल डिपोहरूले माग गरे अनुसार साल्ट ट्रेडिङ र कृषि सामग्री कम्पनीले मल नदिएपछि किसानलाई आवश्यकता अनुसार मल दिन नसकिएको सुनाखरी कृषि सहकारी संस्थाका अध्यक्ष सरस्वती भट्टराईले बताइन् ।

हप्ताको एकपटक एउटा कृषि सहकारी संस्थाको मल डिपोलाई एक सय बोरा मल दिने भनिए तापनि साल्ट ट्रेडिङ र कृषि सामग्रीले मल नदिंदा किसानहरूलाई गहुँबाली लगाउन समस्या भएको छ ।

यता, किसानहरूले डिएपी मल नपाएको मौका छोपी केही मलपसलले फास्फोरसलाई डिएपी भनेर ठग्ने गरेको किसानहरूको गुनासो छ ।




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com


## छोटकरी

### बेवारिसे शव फेला

प्रस, रक्सौल, १७ मङ्सिर/

बिहार, रामगढवा थानास्थित धनगढवानजीकै खेतमा एकजना महिलाको बेवारिसे शव फेला परेको छ । बुधवार बिहान खेतमा जाँदा स्थानीयले उक्त महिलाको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

महिलाको पहिचान खुल्न सकेको छैन । उनको मृत्युबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


हार्दिक बधाई एवं शुभकामना



सभापति अरविन्द गुप्ता

मेरो मित्र **अरविन्द गुप्ता** नेपाली काङ्ग्रेसको क्षेत्रीय अधिवेशनबाट पर्सा क्षेत्र नं १ को सभापतिमा निर्वाचित भएकोमा बधाई ज्ञापन गर्दै सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछु ।

**विकाश शर्मा**
वीरगंज

## विचारसार र सूक्तिहरू

**सत्य बोल्ने बानी ठीक सुन्दर अक्षरको लेखावटसमान हो, जुन केवल निरन्तर अभ्यासबाट मात्र हुन सक्छ ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# सरकारबाटै विभेद

**नेपाल र भारतबीच सन् १९५० मा भएको सुगौली सन्धि असमान भएको कुरा बेलाबखतमा नेपालमा चर्चा पाउने गरेको छ र यसमा संशोधनका कुराहरू पनि उठ्दै आएका छन् । सुगौली सन्धिलाई समयसापेक्ष समान बनाउने कुरामा भारत पनि पछि परेको देखाउँदैन । यसैगरी, नेपाल–भारत पारवहन सन्धि पनि अहिले समयसापेक्ष हुनुपर्ने कुराहरू उठिरहेको छ । बेलाबखत यो पारवहन सन्धिमा संशोधन, परिवर्तनहरू हुने गरेका छन् । दुई देशबीचका जानकारहरूको बैठकबाट यसमा संशोधन, परिवर्तन हुँदै आए पनि अहिलेसम्म भारतीय मालवाहक सवारीसाधनहरू जतिसुकै क्षमताका भएपनि सहज प्रवेश पाउने व्यवस्थाले अहिले आएर नेपाली ट्रक, टेलर व्यवसायीलाई भने मर्का पर्न थालेको छ र यसतर्फ सरकारको ध्यानाकर्षण नहुँदा यसमा गरिएको लगानी जोखिमपूर्ण भएको छ । जतिखेर नेपालमा भारतीय मालवाहक सवारीसाधनको प्रतिस्पर्धी थिएनन्, त्यतिखेरसम्म यो व्यवस्था ठीक थियो भनेर मान्न सकिन्छ ।**

**नेपालको शैक्षिक क्षेत्रको कुरा गर्ने हो भने तीन दशकअघि उच्च शिक्षाका लागि भारत जानुपर्ने अनि भारतीय शिक्षक, प्राध्यापकहरूमा आश्रित हुनुपर्दथ्यो । त्यतिखेर नेपालमा शिक्षकहरूको अभाव थियो । अहिले अवस्था त्यस्तो छैन । नेपालको शैक्षिक क्षेत्रमा सुधार भएसँगै यहींका जनशक्तिबाट शैक्षिक क्षेत्र हाँक्न सकिने सामर्थ्यवान् भएसँगै बिस्तारै भारतमा उच्च शिक्षाका लागि जाने र त्यहाँका शिक्षक, प्राध्यापकहरू यहाँ आएर पठनपाठन गराउने अवस्थामा कमी हुँदै गयो । परिणाम हामी सबै सामु छ । आत्मनिर्भर र सक्षम भएको कुरामा आफ्नै उत्पादन, वस्तुलाई प्राथमिकता दिएको खण्डमा त्यसले आमूल परिवर्तन गर्न सक्छ । मालवाहक सवारीसाधनको हकमा पनि यहि कुरा उठिरहेको छ । अहिले नेपाली व्यवसायीहरू भारतीय व्यवसायी सरहको सेवा सुविधा दिन सक्षम भएको एक दशक बढी भइसक्यो तर पनि नेपाली व्यवसायीहरूलाई प्रोत्साहन गर्ने कुरामा सरकार संवेदनशील बन्न सकिरहेको छैन । जसले गर्दा आफ्नै देशमा नेपाली व्यवसायीहरू भारतीय व्यवसायी सरहको सेवा सुविधा पाउनबाट वञ्चित हुनुपरिरहेको छ । पारवहन सन्धि अनुसार भारतीय सवारीसाधनहरूको जुन सहज प्रवेश छ, त्यसलाई रोक्न सकिन्न । तर सो सरहको सेवा र सुविधा नेपाली व्यवसायीहरूलाई नदिनुको पछाडि लुकेको स्वार्थ पनि बुझिनसक्नुको छ । भारतीय सवारीसाधनहरूले ७० टनसम्म वीरगंज–पथलैया औद्योगिक करिडोरसम्म निर्बाध लैजान पाउँछन् भने त्यही नेपाली मालवाहक सवारीसाधनहरूको लागि भने ३५ टन निर्धारण गरिएको छ । एउटै सडकमा भारतीय मालवाहक सवारीसाधनहरू बढी क्षमतामा गुड्दा सडक नबिग्रने अनि त्यही नेपाली मालवाहक सवारीसाधनहरू गुड्दा भने सडक बिग्रने रे । गजबको तर्क छ, यो तर्कमा बालकहरू पनि सहमत हुँदैनन् । यस प्रकारको असमानताप्रति सरकारका अङ्गहरू यातायात व्यवस्था कार्यालय, ट्राफिक प्रहरी र स्थानीय प्रशासनसमेत यस कुरामा सहमत देखिंदैनन् ।**

**सरकारका अङ्गहरू सहमत नभएको कुरामा आम नेपाली सहमत हुने कुरा पनि आउँदैन । तर माथिको आदेश भएपछि सरकारका अङ्गहरू सोविपरीत चल्ने कुरा पनि हुँदैन । सरकारले भारतीय मालवाहक सवारीसाधनहरू सरह नेपाली व्यवसायीहरूलाई पनि सेवा सुविधा प्रदान गर्ने हो भने यहाँ [redacted]र्तन आउन सक्थ्यो ।**

# विद्युतजन्य फोहोरहरू : समस्या समाधान र व्यवस्थापनका चुनौती तथा अवसरहरू

डा ज्योति गिरी

**पृष्ठभूमि तथा परिचय**


विश्वका सबै मुलुक अहिले विकसित हुने दौडमा धेरै नयाँ प्रविधिका विद्युतीय उपकरणहरूको (ई–उपकरण) नयाँ प्रविधि सँगसँगै अत्यधिक प्रयोग गर्दै आइरहेका छन् । बढ्दो विद्युतीय उपकरणको प्रयोगले अर्थ क्षेत्र मात्र प्रभावित भएको छैन, वातावरण पनि निकै प्रदूषित भइरहेको विभिन्न सञ्चार र शोध कार्यहरूले भन्दै आइरहेका छन् ।

भन्नै पर्दा जुन वस्तु पनि त्यसको अन्तिम प्रयोगपश्चात् अथवा प्रयोगहीन भएपछि फ्याँकिने फोहोरको रूपमा चिनिने गर्छन् । जति धेरै मात्रामा वस्तुहरूको प्रयोग हुन्छ, त्यति नै अनुपातमा फोहोरहरूको पनि उत्पादन हुन्छ । विशेषगरी विद्युतीय फोहोरको कुरा गर्दा, यिनीहरू सजिलै नाश गर्न नसकिने, जटिल फोहोर हुन् । जसको व्यवस्थापनको कुरा गर्दा सम्पूर्ण विश्वका वैज्ञानिकहरू नै सशङ्कित हुन्छन् । यस्ता फोहोरहरूको व्यवस्थापनमा धेरै ठूला र धनी देशहरू पनि पूर्णरूपले ढुक्क छैनन् । त्यसकै परिणामस्वरूप अहिले अफ्रिकी देशहरू घाना, तान्जानिया, केन्या, सुगन आदि जहाँ यी विद्युतीय फोहोरको थुप्रोले पहाड बनिसकेको छ भने नेपाल जस्तो भूपरिवेष्टित विकासोन्मुख देश, त्यसमा पनि Basel Convention मा हस्ताक्षर गरेको मुलुकको अवस्था कति दयनीय होला ।

मुलुकभित्र यससम्बन्धी आफ्नै नीति नियम नभएको यो परिस्थितिमा हामी हर एक व्यक्ति आफैं जागरूक भएर यससम्बन्धी फोहोर व्यवस्थापनमा अहिले सात 'आर'का नियमहरू अपनाएर सचेत र जिम्मेवार नागरिकको दायित्व पूरा गर्नुपर्दछ । यी सात नियमहरू Refuse, Rethink, Reduce, Reuse, Recycle, Redesign र Repurpose हुन् । विद्युतीय उपकरणहरूको प्रयोगमा यी सात नियम सतर्कताका साथ अवलम्बन गर्दा यिनीहरूबाट जन्मिने समस्याहरूमा निकै कमी आउने कुरामा कसैको पनि दुई मत हुँदैन ।

यी विद्युतीय फोहोरहरूलाई बोलीचालीको भाषामा विश्वभरि ई–वेस्ट (e-waste) पनि भन्ने गरिन्छ । ई–वेस्टहरूमा विशेषतः दुईथरीका वस्तुहरू हुन्छन्, एक प्लास्टिकजन्य पदार्थहरू र अर्को धातुहरू । प्लास्टिकजन्य पदार्थहरूमा पोलिथिन (PE), पोलिप्रोपिलिन (PP), पोलिइस्टाइरिन (PS), पोलियुरेथान (PU), पोलिमिथाइल मिथाइल एक्रिलेट (PMMA) र पोलिभिनाइल क्लोराइड (PVC) आदि जस्ता पदार्थहरू हुन् । यीबाहेक केही प्लास्टिकको गुण बढाउन सिलिका ($SiO_2$), क्याल्सियम अक्साइड (CaO), म्याग्नेसियम अक्साइड (MgO), कार्बन ब्ल्याक (C), ग्राफाइट तथा एलुमिना ($Al_2O_3$) जस्ता अन्य वस्तुहरू पनि मिसाइने गरिन्छ । यी वस्तुहरूबाट ई–उपकरणहरूको बाहिरी बनावटहरू तयार गरिन्छन् ।

त्यस्तै, केही मूल्यवान् धातुहरू जस्तै सुन (Au), चाँदी (Ag), प्लाटिनम (Pt), पालाडियम (Pd) तथा केही अरू साधारण धातुहरू जस्तै निकल (Ni), टिन (Sn), लिड (Pb), क्रोमियम (Cr) तथा फलाम (Fe), स्टीलहरू ई–उपकरणहरूमा विशेष गुणको प्रत्यायोजनका लागि प्रयोग र केही विद्युत् प्रवाह तथा केही सर्किट जोड्ने सोल्डिरिङका लागि प्रयोग हुन्छन् ।




विद्युत्जन्य फोहोरमा हुने धातुहरू तथा प्लास्टिकजन्य फोहोरहरूबाट स्वास्थ्यमा पर्ने नकारात्मक असरहरू देखाइएको छ ।

यस्ता उपकरणाहरूमा आगो प्रतिरोधक रसायनहरू पनि मिसिएका हुन्छन्, जस्तै पोलिक्लोरिनेटेड बाइफिनाइल (PCB) तथा पोलिक्लोरिनेटेड टरफिनाइल (PCT) । यी रसायनहरूले स्वास्थ्य र वातावरणका लागि प्रतिकूल असर पार्ने गर्छन् । ई–वेस्टमा हुने यी पदार्थहरूलाई विशेष प्रक्रियाबाट जीवन र वातावरणलाई हानि नहुने गरी व्यवस्थापन गर्नु आवश्यक हुन्छ ।

**विद्युत्जन्य फोहोरले जन्माएका स्वास्थ्य समस्याहरू**

सही व्यवस्थापन विधिको अभावमा ई–वेस्टमा भएका विभिन्न प्लास्टिकजन्य पदार्थहरू तथा पानी, माटो र हावामा बाँकी रहने माइक्रो प्लास्टिकहरू, घुलनशील तथा अघुलनशील जीवन घातक धातुहरू, रसायनहरू तथा हानिकारक ग्याँसहरू जस्तै डाइअक्जान (Dioxine), फयूरान (Furan), पोलिक्लोरिनेटेड बाइफिनाइल (PCB) तथा पोलिक्लोरिनेटेड टरफिनाइल (PCT) आदि पदार्थहरूले मानवजीवनको स्वास्थ्यमा प्रतिकूल असर पारिरहेको छ । उदाहरणको लागि मानसिक सुस्तता, फोक्सो, कलेजो, मिर्गौलाको समस्या, सम्झना शक्तिमा कमी (Alzimer), प्रजनन शक्तिमा कमजोरी तथा समस्या, नसा तथा मांसपेशीहरूमा आउने ठूला–ठूला समस्याबाहेक सामान्य टाउको, पेट दुख्ने, खाना नरुच्ने, नपच्ने, छालासम्बन्धी विभिन्न रोगहरू पनि बढ्दै गइरहेको पाइएको छ । माटोमा विभिन्न धातुहरूको मिसावटले जमीनको पनि उब्जाउ क्षमता घट्दै गएको, अझै भन्नुपर्दा माटो पनि प्रदूषित भइरहेको पाइएको छ ।

**समस्या निराकरणका उपायहरू**

विद्युत्जन्य फोहोरलाई अहिले व्यवस्थापन गर्ने भनेर पृथ्वीका जीवनहीन खाली भएका खाल्डाखुल्डीहरू (ल्यान्डफिल) भर्ने अथवा खुल्ला हावामा आगो लगाइ डढाइ दिने गरिंदै आइरहेको, जसको प्रत्यक्ष असर पृथ्वीको माटो, हावा, पानी र जनस्वास्थ्यमा परिरहेको छ ।

विकसित मुलुकहरू जस्तै अमेरिका, युरोप, चीनलगायतका देशहरूले भविष्यमा आउन सक्ने विकराल समस्यालाई बुझेर निकै कडा ई–वेस्टसम्बन्धी कानून बनाइ कार्यान्वयन गरिरहेका छन् । कति युरोपेली मुलुकहरू र अमेरिकाका शहरहरू सान फ्रान्सिस्को, क्यानडा, नोभा–स्कोटिया, इटाली जेरो–वस्ट अर्थात् शून्य फोहोरको उत्पादन गर्ने सिद्धान्तलाई लिएर अगाडि बढिरहेका छन् । त्यस्तै, चीनले 'फोहोर बाट ऊर्जा' भन्ने नाराका साथ फोहरबाट ऊर्जा उत्पादन गरिरहेको छ । सन् २०१४ मा चीनले ३९ प्रतिशत ऊर्जा सन् २०१३ भन्दा बढी निकालेको प्रकाश पारेको छ । आयरल्यान्डले भने ई–उपकरणहरूको खरीदमा १५ प्रतिशत कर थपिदिएर खरीद गर्ने अनुपातमा ९२ प्रतिशतले कटौती गरेको छ, जसले भविष्यको सोझै ई–वेस्ट व्यवस्थापनमा सहयोग पुऱ्याउनेछ ।

नेपालमा हालसम्म ई–वेस्ट व्यवस्थापनसम्बन्धी छुट्टै नियम–कानून बनिनसकेको भएपनि सन् २०११ मा सम्पूर्ण ठोस फोहोर पदार्थहरूलाई व्यवस्थापन गर्ने ऐन बनाइएको थियो । जसको सही र कडाइका साथ कार्यान्वयन हुन नसक्दा समस्या जस्ताको त्यस्तै रहेको छ ।

अन्तर्राष्ट्रिय फोहोर व्यवस्थापनका सात नियम Refuse, Rethink, Reduce, Reuse, Recycle, Redesign र Repurpose पालना नगरी वैज्ञानिक तरीकाले व्यवस्थापन गर्ने काम असम्भव देखिन्छ । त्यसैले नेपालले यिनै सात नियमलाई साथमा लिंदै योजना, नीति, नियम तर्जुमा गर्नुपर्दछ । तल दिइएका बुँदाहरूले र चित्र नं २ मा भएका तालिकाले नेपालले अपनाउनुपर्ने नीति प्रस्ट पार्दछ । यस कार्यमा सरकार, प्रशासनबाहेक हर एक नागरिकको पूर्ण जिम्मेवारी र कर्तव्य हुने गर्दछ । त्योभन्दा पनि जिम्मेवारीको कुरा गर्दा उत्पादक र उपभोक्ता केन्द्रित व्यवस्थापन पद्धति अपनाउनु बुद्धिमानी हुन्छ ।

**विद्युत्जन्य फोहोरहरू घटाउने उपायहरू**

देशमा विद्युत्जन्य फोहोरहरू घटाउन र भविष्यमा यस समस्याले विकराल रूप लिनबाट जोगाउन समयमा नै यस विषयमा सचेत हुनुपर्दछ । यी समस्याहरू समाधान गर्ने जनचेतनामूलक कार्यक्रमहरू गर्ने हरेक नागरिकलाई सचेत गराउनुपर्दछ । त्यस्तै, जसले यस्ता फोहोरहरू उत्पादन गर्छन्, उनीहरूसँग उत्पादनको माग होइन, व्यवस्थापनसहित लिएर छुट्टै व्यवस्थापन कोष खडा गर्नुपर्दछ ।

१. सबैथरीका विद्युतीय उपकरण उत्पादन गर्ने, बेचबिखन गर्ने व्यवसायीहरूलाई नीति नियमको दायराभित्र लिएर आउनुपर्दछ ।

२. उनीहरूसँग उत्पादनको मात्र होइन, व्यवस्थापनको करसहित लिएर एउटा छुट्टै व्यवस्थापन कोष खडा गर्ने ।

३. उपभोक्ताहरूले पनि विद्युतीय उपकरण खरीद गर्दा वा प्रयोगपश्चात् फ्याँक्दा व्यवस्थापन कर बुझाउनै पर्ने नीति नियम ल्याउनुपर्दछ ।

४. उत्पादकहरू, उपभोक्ताहरू र फोहोर व्यवस्थापकहरूले पनि व्यवस्थापनका सात नियम कडाइका साथ पालना गर्नुपर्दछ ।

५. विद्युतीय फोहोरलाई अरू फोहोरबाट छुट्याउने गर्नुपर्दछ । निर्दिस्ट स्थानबाहेक अन्त फोहोर फ्याँके कारबाई हुने व्यवस्था हुनुपर्दछ ।

६. फोहोर व्यवस्थापकहरूले व्यवस्थापनको लागि छुट्टाइएको कोषको सही प्रयोग गर्नुपर्छ ।

७. व्यवस्थापन गर्न नसकिने फोहोरलाई सुरक्षित तरीकाले डम्पिङ साइटमा अथवा इनसनरेशन चेम्बरमा डढाउनुपर्दछ र यी सबै कार्यका लागि एक सुरक्षित स्थानको राम्रो व्यवस्था हुनुपर्दछ ।

**सार सङ्क्षेप**

अहिलेको परिस्थितिमा ई–उपकरणहरूको कुनै विकल्प नरहेको र यसबाट जन्मिने समस्या ई–वेस्टहरूको व्यवस्थापन कठिनाइले सम्पूर्ण विश्व नै आक्रान्त भइरहेको अवस्थामा यसको सही व्यवस्थापन सबैको जिम्मेवारी हुन पुग्छ । त्यसैले माथि उल्लिखित सात नियम हर एक व्यक्तिले, हर एक समुदायले, व्यवस्थापकहरूले, उत्पादकहरूले तथा उपभोक्ताहरूले जिम्मेवार हुँदै पालना गर्नु नै अपरिहार्य छ । त्यसमा नेपालको परिप्रेक्ष्यमा भने सरकारी नीति–नियम बनाएर जारी गर्नु नितान्त आवश्यक हुन्छ । मुलुकमा बढ्दो ई–उपकरणहरू भित्रिने क्रमलाई रोकेर, प्रविधिको विकास, स्वदेशभित्र गर्ने क्रियाकलाप, स्वदेशी स्रोतबाटै गर्ने कुरामा बढावा दिने र ई–वेस्टलाई स्रोतको रूपमा प्रशोधन गर्ने कार्यमा समाज अगाडि बढ्दा नेपाल पनि एउटा उदाहरणीय देश बन्ने कुरामा अत्युक्ति हुनेछैन तर समयमैं भविष्यप्रति सजग भई कार्यहरू गर्दै जानु जरुरी छ ।

(स्रोतः विज्ञान लेखमाला)

# अभिभावकविहीन विद्यार्थीलाई छात्रवृत्ति



तस्वीरः प्रतीक

प्रस, ठोरी, १७ मङ्सिर/

ठोरी गाउँपालिका–४ स्थित ज्ञानज्योति मावि घ्याङडाँडामा अध्ययनरत आमाबुबाविहीन बालबालिकालाई छात्रवृत्ति वितरण गरिएको छ ।

शुक्रवार विद्यालयमा आयोजित कार्यक्रममा विद्यालय व्यवस्थापन समिति अध्यक्ष राकेश श्रेष्ठले आमा वा बुबा नभएका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरे ।

पालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत आमाबुबाविहीन विद्यार्थीलाई ठोरी गापाले छात्रवृत्ति वितरण गर्ने निर्णय गरेको थियो । गापाले पठाएको छात्रवृत्ति रकम विद्यालयमा रहेका ६० जना विद्यार्थीलाई जनही रु १ हजार २५० का दरले वितरण गरिएको प्रधानाध्यापक पिताचन्द्र ढुङ्गेलले जानकारी दिए ।

विद्यालयमा एकै परिवारका एकजना र गत वर्ष विद्यालयमा भर्ना भएका विद्यार्थीहरूलाई मात्र छात्रवृत्ति वितरण गरिएको विद्यालयले जनाएको छ ।

विद्यालयमा आमा वा बुबाले दोस्रो विवाह गरेका कारण छ दर्जनभन्दा बढी विद्यार्थी आमाबुबाविहीन छन् र उनीहरू अरूको संरक्षणमा पठनपाठन गरिरहेको प्रअ ढुङ्गेलले बताए ।

[redacted]र्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष-३५ | २०७८ मङ्सिर १८ गते शनिवार | 2021 December 04 Saturday



## कोयम्बतूरको सडक र सरसफाइमा हामी

भारतको तमिलनाडु प्रान्तको एउटा शहर हो, कोयम्बतूर । गत कात्तिक (२०७८)को छठ पवनीको पारनकै दिन घरबाट कोयम्बतूरको लागि यात्रा गर्नुपर्ने थियो । जन्म गाउँ पुर्नी गेडही (गरुडा नगरपालिका-२)बाट बिहान छठको पारन गरी प्रसाद र खाना खाएर गरुडा आइपुग्दा बिहानको पौने नौ बजिसकेको थियो। गरुडाबाट भैरहवा पुगेर भोलिपल्ट गोरखपुरबाट हवाईयात्रा गर्नुपर्ने थियो। गरुडाबाट पौने दश बजे निस्केर सार्वजनिक बसले रूपन्देहीको तिलोत्तमा नपास्थित अग्रज साहित्यकार रमेश समर्थनकहाँ पुगेर राति बास बसी बिहान भैरहवा पुगियो र छोरीकी साथीकहाँ पुगेर गोरखपुरको लागि प्रस्थान गरियो। गोरखपुरबाट हवाईजहाजले हैदराबाद र हैदराबादबाट सोही दिन कोयम्बतूर साँझ करीब पौने आठ बजे पुगियो ।


स्वान्तः सुखाय



सञ्जय मित्र

mitrasanjay41@gmail.com


**हामी हाम्रो समाज र संस्कृतिका सबै कुरामा प्लास्टिकको उपयोग गरिरहेका छौं । प्लास्टिकमाथि पूरै जीवनशैलीलाई निर्भर बनाइरहेका छौं, जुन हाम्रो जल र जमीनका साथै स्वास्थ्यको लागि हानिकारक बन्दैछ ।**



तस्वीरः लेखक

कोयम्बतूरमा होटल खोजेर बास बस्न पुग्दासम्म करीब पौने दश बजेको थियो। राति खाना खाएर सुत्दा पौने एघार । हवाईजहाजबाट सन्ध्याको शहर दर्शन र ट्याक्सीबाट होटलसम्म करीब एक्काइस किलोमिटरसम्म डुल्दा शहरलाई केवल राति नै हेर्न पाएको र अनुभव गर्न पाएको हो । यतिमा त के बुझिन्थ्यो र ?

बिहान उठेर बजार पनि घुम्ने र अलिकति किनमेल पनि गरिने योजना बन्दछ। होटलको कोठामा ताल्चा लगाएर बाहिर निस्कन्छौं । कोयम्बतूरमा ट्याक्सीलाई क्याब भनिंदो रहेछ । क्याबलाई अनलाइनबाटै बोलाउनुपर्ने हुन्छ। अनलाइनबाट बोलाउने काम भाइ सुनील गुप्ताले गर्छन्। म भाइ भन्छु तर उनी मलाई अङ्कल भन्छन्। अङ्कल यस अर्थमा कि मेरी छोरीकी साथी सुनीलकी बहिनी हुन्। छोरी र छोरीकी साथीलाई हामी पुऱ्याउन कोयम्बतूर आएका छौं। यहाँस्थित अमृता विश्वविद्यापीठम् अर्थात् अमृता विश्वविद्यालयमा दुवैजना बिएससी कृषिमा पढ्न आएका छन् ।

सुनीललाई तमिल भाषा आउँदैन तर यहाँको शैलीमा अङ्ग्रेजी बुझ्छन् र बोल्छन् पनि । मतलब तमिलनाडुको शैलीमा अङ्ग्रेजी बोलेर तथा बुझेर काम मज्जाले चलाउन सक्छन् । सुनीलले ट्याक्सी बोलाउँछन् र हामी ट्याक्सीमा चढेर बजार हेर्दै एउटा मार्टमा पुग्छौं र सामानहरू किन्छौं । कोयम्बतूरलाई टेक्सटाइलको शहर भनिन्छ। हामीकहाँको तुलनामा यहाँ कपडाका सामान अर्थात् तयारी पोशाक निकै सस्तो छ । त्यहाँ आवश्यक बुझिएजति किन्छौं । घर ल्याउनलाई जोगीलाई कुकुर भारी भनेजस्तै हुन्छ मलाई । म आफ्नोलागि केही पनि किन्दिनँ ।

नयाँ ठाउँमा पुगेपछि केही नयाँ खान मन लाग्छ तर यो यस्तो मेरोलागि नयाँ हो कि केही पनि बुझिंदैन । केही पनि बुझिंदैन भन्नुको अर्थ हो कि कसैले बोलेको केही पनि बुझिंदैन। यसलाई सजिलोको लागि यो भन्न सकिन्छ कि कसैले हामीलाई केही भन्दा जे बुझ्छौं, त्यो पहिलेदेखि नै हाम्रो मस्तिष्कमा रहेको छ। हामीले देखेको, सुनेको र भोगेको हुँदारहेछौं ।

होटलमा पुगेपछि के खाने ? होटलमा देखिएका खानेकुराहरू हामीकहाँको होटल वा घरमा पाइने जस्तो केही पनि छैनन्, कुनै पनि छैनन्, एउटै पनि देखिंदैनन् । यस्तो अवस्थामा के माग्ने र के भन्ने होला ? भन्ने हुन्छ तर सुनील भाइ त्यहाँबाट हवाईजहाजको करीब एक घण्टाको दूरीमा केरलाको एउटा प्रसिद्ध शहरमा रोजगारको क्रममा छन्। त्यहीं पढेर अहिले रोजगारमा छन् । उनलाई भने खानाको नाम धेरै हदसम्म थाहा छ र स्वाद पनि । कसरी माग्ने भन्ने पनि थाहा छ ।

होटलमा बसेपछि सबैभन्दा पहिले केराको पात दिन्छन् । बल्ल अरूको टेबुलतिर आँखा पुग्छ। कतै पनि थाल देखिंदैन। होटलको हरेक टेबुलमा केराको पात छन्। केराको पातमा अनेक परिकार खानालाई दिइएको छ। हामी पनि सुनील भाइले जे जे आदेश दिएका छन्, सोही खान्छौं । दुईटै छोरीलाई भने फिटिक्कै मन परेको छैन ।

होटलबाट बाहिर निस्केपछि बल्ल अब ख्याल गर्न थाल्छु, सडकमा फोहोर खासै छैन। धेरै सफा नै छ भन्ने होइन तर पनि जताततै फोहोर हुनुपर्ने भन्ने हाम्रो मानसिकता त्यहाँ छैन। मुश्किलले खोज्दा कतै प्लास्टिकको टुक्रो देखिन्थ्यो। शहरमा प्लास्टिकको प्रयोग भएको छ तर ज्यादै कम । अझ सडकको वरपर, घरको छेउछाउमा खासै प्लास्टिक देखिंदैन। बिहान मानिसको हात-हातमा पत्रिका देखिन्छ तर उही पत्रिकाको टुक्रो र कागजको टुक्रो सडकमा खासै देखिंदैन। एकाध किलोमिटर मात्र होइन, शहरमा जताततै र झन्डै पचासौं किलोमिटरमा यही अवस्था देखिन्छ ।

हामीले कतै खाना खायौं। कतै खाजा खायौं । खाना र खाजामा के के खायौं खायौं तर जहाँ-जहाँ खायौं सबैतिरको होटलमा केराको पातमा मात्र खान दिइयो। केराको पातबाहेक अरू केहीमा पनि खान पाइएन ।

हामी हाम्रो समाज र संस्कृतिका सबै कुरामा प्लास्टिकको उपयोग गरिरहेका छौं। प्लास्टिकमाथि पूरै जीवनशैलीलाई निर्भर बनाइरहेका छौं, जुन हाम्रो जल र जमीनका साथै स्वास्थ्यको लागि हानिकारक बन्दैछ। हाम्रो पर्यावरणमा यसले नकारात्मक असर पार्दैछ र हाम्रा औपचारिक निकायहरूले पनि प्लास्टिकलाई रोक्न कुनै खास योजना कार्यान्वयन गरेको देखिंदैन । अहिले सडकमा हामी के देख्छौं भने जहाँतहीं प्लास्टिक हुन्छ र जहाँ फोहोर फालिने ठाउँ हुन्छ वा जहाँ कसैले कहिल्यै सफा गर्दैनन्, त्यो ठाउँमा सबैभन्दा बढी प्लास्टिक हुन्छ। हामीले हाम्रो संस्कृतिमा रहेका केही कुरालाई निरन्तरता दियौं भने हाम्रो सडक सफा हुने र हाम्रो पर्यावरण, सुन्दरता तथा स्वास्थ्यमा पनि सकारात्मक असर पर्ने हुन्छ ।

कोयम्बतूरको सडकमा देखिएको एउटा सचेतनाले हामीलाई यही दिशा निर्देश गरेको मलाई महसूस भएको छ आज ।

---

एउटा जङ्गलमा बाँसको रूख थियो र त्यसको वरपर एउटा आँपको रूख पनि थियो। बाँस अग्लो र आँप होचो थियो। एक दिन बाँसले भन्यो- हेर म कति अग्लो हुँदैछु र तिम्रो उमेर बिते पनि अहिलेसम्म होचो नै छौं। आँपले बाँसको सौभाग्यलाई सराहना गऱ्यो तर आफ्नो असन्तोष व्यक्त गरेन ।

समय बित्दै गयो र बाँस पाकेर सुक्यो तर आँपका डालीहरू फलले लादिन थालिए। बाँसले फेरि धक्कु देखायो- हेर म सुनौलो हुँदैछु र पात नभए टाढाबाट कति सुन्दर देख्छु। तिमी फलले लादिएर पनि ओझेलमा छौं। आँपले फेरि बाँसको सराहना गऱ्यो तर आफ्नोबारेमा केही भनेन ।

एक दिन यात्रीहरूको समूह त्यहाँ पुग्यो र फलले लादिएको छायादार आँपको रूखको तल डेरा बसायो। खाना पकाउन यात्रीहरूले दाउरा नपाएपछि सुक्खा बाँस देख्यो र बाँस काटेर आगो बाल्न शुरू गऱ्यो। त्यसपछि बाँसलाई अनुभव भयो अहङ्कार पनि एक दिन नष्ट हुन्छ ।

---

## न प्रहरीले समात्ने डर छ, न कारबाहीको भय

'देख तार लोगन, केतरे मोटरसाइकिल चलाव तार सन लइकन, अपने भी मरिह सन, आ दोसरो के मुवइह सन' अर्थात् हेरौं न कसरी मोटरसाइकल चलाइरहेका छन्, केटाहरू। आफू त मर्छन् नै अरूलाई पनि मार्छन् । वीरगंजको माईस्थान चोकमा मानिसहरू कुरा गर्दैथिए । मोटरसाइकलमा तीनजना सवार ठिटाहरू तीव्र गतिमा घण्टाघरदेखि आदर्शनगरतर्फ गइरहेका थिए । टाउकोमा लगाउने हेलमेट 'लेग-गार्ड'मा झुन्डिरहेको थियो। मोटरसाइकलको आवाज यतिविघ्न चर्को थियो कि सर्वसाधारण मानिसहरू त्रसित नहुने कुरै थिएन। त्यसैले एकत्रित भीड युवाहरूको उदण्ड प्रवृत्तिप्रति आक्रोशित थियो ।


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


**इतिहासबाट पाठ सिक्नुपर्छ । विगतका घटना वर्तमान पुस्तालाई अवगत गराउनु आवश्यक छ । सामाजिकस्तरमा विकृतिको विरुद्धमा जनचेतना फैलाउनु नितान्त आवश्यक छ ।**

सडकमा ठूलो आवाजसहित तीव्र गतिमा मोटरसाइकल कुदिरहेको दृश्य प्रायः सबैले देखेको हुनुपर्छ । दुर्घटनाको सम्भावनाका साथै मोटरसाइकलको आवाज कति ठूलो हुन्छ भन्ने कुरा वर्णन गरेर साध्य छैन। मानिसहरू हातले कान थुन्न बाध्य हुन्छन् । वृद्धवृद्धा, महिला तथा बालबालिका त्रसित हुन्छन् नै मुटु रोगी, उच्च रक्तचाप तथा छारे रोगका बिरामीहरूका लागि असामान्य परिस्थिति उत्पन्न नहुने कुरै हुँदैन। यस्तो लाग्छ कि रमाइलोका लागि मोटरसाइकल कुदाउने ती ठिटाहरूलाई भीडभाड र मानवीय संवेदनासँग कुनै सरोकार नै हुँदैन । वीरगंजका शीतल गौतम भन्छन्, "उनीहरू यति हतारमा हुन्छन् कि जस्तो गाडीमा सीमित इन्धन छ । गन्तव्यमा चाँडै पुगिएन भने इन्धन बाटोमैं सकिन्छ।"

के बाटोमा हिंडिरहेका मानिसहरूलाई यसरी त्रसित गर्न पाइन्छ ? मोटरसाइकल लड्छ । दुर्घटना हुन सक्छ । धनजनको क्षति हुन सक्छ । मानवीय क्षति भएमा अभिभावक तथा परिवारमाथि वज्रपात पर्न सक्छ आदि कुराको उनीहरूलाई चेतना नै छैन भन्ने होइन । अरूलाई त्रसित पार्ने बानी जब सडक दुर्घटनामा परिणत हुन्छ, तब भीडको अगाडि उनीहरूको भावुक अनुहार हेर्न लायक हुन्छ । भीडले दया गरोस् । उद्धार गरिदेओस् । अस्पताल पुऱ्याइदेओस् लगायतका भीडलाई भावुक बनाउने बुद्धि कसरी पलाउँछ ? कतिपय दुर्घटनामा भोजपुरी उखान जस्तै 'करे के चोरी आ उपर से सिनाजोरी' अर्थात् घटना पनि घटाउने र उल्टै तन्किने प्रवृत्ति पनि देखिन्छ । यहाँसम्म कि यदि कुनै राजनीतिक दल वा शीर्ष व्यक्तित्वसँग आबद्धता घनिष्ट छ भने प्रहरीलाई नै थर्काउन बेर लगाउँदैनन् ।

उनीहरू भीडभाडमा मोटरसाइकललाई तेर्सो र ठाडो पार्दै कुदाइरहँदा मख्ख देखिन्छन् । कमिला छिर्ने सम्भावना नरहेको ठाउँमा तीव्र गतिमा मोटसाइकल कुदाएर आफूलाई महान् ठान्नु मूर्खताको पराकाष्ठा हो । उनीहरू आफू जोखिममा हुन्छन् नै उनीहरूका कारण अरूको पनि ज्यान जोखिममा हुन्छ । तीव्र वेगमा 'स्टन्ट' देखाउने केटाहरूको कृत्य वीरगंजका सडकहरूमा दिनहुँजसो देख्न पाइन्छ । कसैले सुझाव दिन खोज्यो भने उल्टै जाइ लाग्छन्। उनीहरूलाई न प्रहरीले समात्ने डर छ, न कारबाहीको भय । यस्तो मनोविज्ञानले न आफैसँग न्याय हुन्छ, न परिवार, न समाजसँग ।

**दण्डहीनताको पराकाष्ठा**

१. वीरगंजको राधेमाईमा गत वर्षदेखि पक्की सडक सञ्चालनमा आएको छ । उक्त सडक भएर मानिसहरूको आवागमन उच्च छ। एक महीनाअघि तीव्र वेगमा उत्तरदेखि दक्षिणतर्फ आइरहेको भारतीय नम्बरको मोटरसाइकलले सात वर्षको बच्चालाई ठोकिदियो । बच्चा घाइते भयो । भीड जम्मा भयो । मोटरसाइकल चालकका तर्फबाट स्थानीय गाउँका केही केटा आइपुगे । बच्चाको अभिभावकलाई थर्काउँदै भने, "सामान्य चोटपटक लागेको छ। हामी उपचार गराइदिन्छौं। प्रहरीलाई खबर नगर्नु नत्र ठीक हुँदैन । हामी नजीकैको गाउँको पुर्खौली बासिन्दा हौं। प्रहरीलाई खबर गर्नुभयो भने पछि तपाईंलाई नै गाऱ्हो हुन्छ।" पीडित पक्ष डरायो । नजीकैको औषधिपसलमा प्राथमिक उपचार भयो ।

२. राधेमाईकै अर्को एक घटना अत्यन्तै मर्मभेदी छ । राति करीब ९ बजेको समयमा दुईवटा मोटरसाइकलमा पाँचजना सवार केटाहरू दक्षिणबाट उत्तर बौद्धिमाईतर्फ तीव्र वेगमा गइरहेका थिए । सडक किनारमा गफ गरिरहेका चार/पाँच जना वयस्क मानिसहरूमध्ये एकजनाले भने, "काहे ऐतना तेज गाडी चलाव तारन लोगन बबुवा, मोटरसाइकल लड जाइ त का भाव परी ?" यो कुरा उनीहरूको कानमा पुग्यो । झन्डै पाँच सय मिटर परबाट उनीहरू फर्केर आए। हातमा हेलमेट लिएर एकजनाले उफ्रिंदै भन्यो, "हइ देखतार हेलमेट, मार के मुडी फोरदेम ।" लगत्तै अर्को केटाले तन्किंदै भन्यो, "तोहरा के ना नु ठोकनी हँ सन। ठोकेम सन त मरेम सन हमनी के नु। तोहार का बिगडता ? ठोकाए के एतना डर बा त जाके घर में सुत । लोकल हइँ सन बुझल ।" मादक पदार्थ सेवन गरेका ती केटाहरूलाई सम्झाउन ती मानिसहरूले उपयुक्त ठानेनन् । बरु आआफ्नो घरतिर लागे ।

३. वीरगंजको बिर्ता अवस्थित एडभान्स हस्पिटलअगाडि मुख्य सडकमा पनि यस्तै घटना भयो । बिहानको १० बजिरहेको थियो। यो भीडभाडको समय पनि हो । बिरामी बोकेको एम्बुलेन्स अस्पतालनजीकै साइड लागिरहेकोले सामान्य जाम लागेको थियो। त्यसैबीच मकालु होटलतर्फबाट दुईजना युवा सवार मोटरसाइकल तीव्र गतिमा आयो । साइकलसमेत छिर्न नसक्ने स्थानमा उनीहरूले मोटरसाइकल छिराएर बहादुरी देखाउन खोजे। अन्ततः अगाडिको एक मोटरसाइकलमा ठोके । १५/२० मिनेटअघिदेखि रोकिरहेका मानिसहरूलाई उनीहरूको चर्तिकला राम्रो लागेन । भीडले युवकहरूलाई सम्झाउन खोज्दा ती केटाहरू उग्र हुन थाले । जसको मोटरसाइकलमा उनीहरूले ठोकेका थिए, उसले भीडमा किन यस्तो गाडी चलाएको भन्ने बित्तिकै मोटरसाइकल चालक युवाले बीच सडकमा मोटरसाइकल खडा गऱ्यो र हेलमेटले हिर्कायो । उनीहरूको व्यवहारले उपस्थित भीड आक्रोशित भयो। दुवैजनालाई समातेर वडा प्रहरी कार्यालय, बिर्तामा बुझाउने कुरा हुँदै गर्दा हेलमेटले हिर्काउने युवक कुलेलम ठोक्यो। अर्को केटालाई मानिसहरूको भीडले समातेर बिर्ता प्रहरीमा बुझायो ।

**भौतिक क्षति**

१. झन्डै एक दशकअघिको वीरगंजको गुलाइचीमाई, श्रीपुर निवासी एक परिवारको कथा अत्यन्तै मार्मिक छ । नयाँ वर्षको अवसरमा एकमात्र सन्तानको हेटौंडा जाने कुरामा आमाबुबाको सहमति थिएन। तर छोराले पहिलेदेखि नै साथीहरूसँग हेटौंडा जाने योजना बनाइसकेको रहेछ । छोराले सकेजति आमाबुबालाई रिझाउने प्रयास गऱ्यो। टाढा जानुको सट्टा बरु वीरगंजकै कुनै ठाउँमा गएर नयाँ वर्ष मनाउन आमाबुबाले सुझाए । आमाबुबाको सल्लाहमा छोराले मौन समर्थन जनायो। पैसा पायो। उता छोरा पिकनिक मनाउन गयो। यता आमाबुबा आआफ्नो काममा लागे । साझपख करीब छ बजे बुबाको मोबाइलमा फोन आयो । बुबा झसङ्ग भए। उताबाट मकवानपुर प्रहरीको फोन आएको थियो। मोटरसाइकल दुर्घटनामा छोराको मृत्यु भएको खबर सुनेर आमाबुबा बेहोश भए । घरमा रुवाबासी भयो । शोकमग्न आफन्त तथा छिमेकी जम्मा हुन थाले। युवकलाई बिहान देखेका टोलका मानिसहरूलाई पत्याउन गाऱ्हो भइरहेको थियो । प्रहरीका अनुसार मोटरसाइकल चलाउने अपरिपक्वता, तीव्र गति र मादक पदार्थ सेवन नै घटनाको मुख्य कारण थियो ।

२. वीरगंज, माईस्थानका एकजना युवकले बिहेको झन्डै पाँच वर्षपछि सालोको बिहेको अवसरमा नयाँ मोटरसाइकल पायो । स्थानीयहरूका भनाइ अनुसार आर्थिक असमर्थताका कारण बिहेको बेला ससुराली पक्षले मोटरसाइकल दिन सकेको थिएन । सालोको बिहे थियो । युवकले मोटरसाइकल नपाएसम्म सालोको बिहेमा सहभागी नहुने कुरा बताइसकेको थियो। युवकलाई मोटरसाइकल चलाउन आउँदैन थियो । त्यसैले ससुराली पक्षले मोटरसाइकलको सट्टा बरु त्यस बराबरको रकम बैंकमा 'फिक्स डिपोजिट' गर्ने कुरा सुझायो। मोटरसाइकल नै चाहिन्छ भन्ने युवकको अडान थियो। अन्ततः सालोको बिहेको दोस्रो दिन मोटरसाइकल पाउने वाचापश्चात् युवक सालोको बिहेमा सहभागी भयो । ससुराली पक्षले वाचा पूरा गऱ्यो । युवकले एकजना चालक साथीलाई लिएर नयाँ मोटरसाइकलको पूजा गर्नको लागि बारा जिल्ला पुछारमा अवस्थित चुरियामाईमा गयो। पूजा भयो । युवकको मन अत्यन्तै हर्षित थियो। त्यसैले घुम्ने र खाना खाने भन्दै हेटौंडा बजारसम्म यात्रा भयो। दुवैजनाले मादक पदार्थ सेवन गरे। खाना खाए। घुमफिर गरे । त्यसपछि हेटौंडाबाट वीरगंजको लागि प्रस्थान गरे। बाटोमा दुर्घटना भयो। क्षतिग्रस्त मोटरसाइकल, घाइते साथी र युवकको मृत शरीर वीरगंज आयो।

३. पर्साको पश्चिमी भेगबाट पोखरिया-वीरगंज सडकसँगै जोडिएको गर्दौल भन्ने गाउँमा जन्ती आएको थियो।

(बाँकी चौथो पातामा)

# द्रोण पर्व–५४

लौ भन– द्रोणाचार्यले पाण्डवहरूलाई व्यूहको ढोकामा रोकेपछि त्यहाँ कुन प्रकारको युद्ध भयो, मलाई यो कुरा बताऊ तथा अर्जुनले सिन्धुराज जयद्रथको वध गर्नको लागि कुन उपाय गरे ?

सञ्जयले भने– राजन्, यो सम्पूर्ण आपत्ति तपाईंकै अपराधको कारण आइपरेको छ, त्यसैले अन्य साधारण पुरुषझैं यसको लागि चिन्ता नगर्नुहोस् । पहिला जब तपाईंका बुद्धिमान् सुहृद विदुर आदिहरूले भनेका थिए कि तपाईंले पाण्डवहरूलाई राज्यबाट च्युत नगर्नुहोस्, त्यसको तपाईंले कुनै पनि प्रकारको वास्ता नै गर्नुभएन । जुन पुरुष आफ्ना हितैषी सुहृदहरूको कुरामाथि ध्यान दिंदैन, ऊ ठूलो विपत्तिमा परेर तपाईंझैं नै चिन्ता गर्ने गर्दछ । श्रीकृष्णले पनि सन्धिको लागि तपाईंसित धेरै प्रार्थना गरेका थिए तर तपाईंबाट उनको सो मनोरथ पनि सिद्ध हुन सकेन । यसबाट तपाईंको गुणहीनता, पुत्रहरूप्रतिको पक्षपात, धर्ममाथि अविश्वास, पाण्डवहरूप्रति मत्सर र कुटिल भाव जानेर तथा तपाईंको मुखबाट धेरैजसो अनर्गल कुरा सुनेर नै सर्वलोकेश्वर श्रीकृष्णले कौरव र पाण्डवबीच यस्तो ठूलो युद्ध खडा गरेका हुन् । यस्तो भीषण संहार तपाईंकै अपराधको कारणले भइरहेको छ । मलाई त अगि–पछि वा मध्यमा पनि तपाईंको कुनै पुण्यकृत देखा परिरहेको छैन । मेरो विचारमा त यस पराजयको जरो तपाईं नै हुनुहुन्छ । अतः अब सावधान भएर जुन प्रकारले यस्तो भीषण युद्ध भएको थियो, त्यसबारे सुन्नुहोस् ।

सत्य पराक्रमी सात्यकि तपाईंको सेनाभित्र छिरेपछि भीमसेन आदि पाण्डव वीरहरू पनि तपाईंको सैनिकहरूमाथि जाइलागे । उनलाई बडो क्रोधमा धावा गरिरहेको हेरेर महारथी कृतवर्मा एक्लैले नै उनलाई अगि बढ्नबाट रोकिदिए । यतिबेला हामीले कृतवर्माको बडो नै अद्भूत पराक्रम हेर्‍यौं । सम्पूर्ण पाण्डव मिलेर पनि युद्धमा उनको कुनै पनि बिगार गर्न सकेनन् । अनि महाबाहु भीमले तीन, सहदेवले बीस, धर्मराजले पाँच, नकुलले एक सय, धृष्टद्युम्नले तीन र द्रौपदीका पुत्रहरूले सात/सात वटा बाण हानेर उनलाई घाइते पारे तथा विराट, द्रुपद र शिखण्डीले पाँचवटा बाण पनि उनीमाथि हाने । कृतवर्माले यी जम्मै वीरहरूलाई पाँच/पाँच वटा बाणबाट



महाभारतबाट सङ्कलन तथा अनुवाद

उमाशङ्कर द्विवेदी

घाइते पारी भीमसेनमाथि सातवटा बाण हाने तथा उनको धनुष र ध्वजा काटेर



शिखण्डी

रथबाट तल खसालिदिए । यसपछि क्रोधले मुर्मुरिएर बडो शीघ्रतापूर्वक सत्तरीवटा बाण भीमसेनको छाती ताकेर हाने । कृतवर्माको बाणबाट अत्यन्त घाइते भई भीमसेन काम्दै अचेतझैं हुन पुगे । एकैछिनपछि उनको होश खुलेपछि भीमसेनले कृतवर्माको छाती ताकेर पाँचवटा बाण हाने । यसबाट कृतवर्माको सर्वाङ्ग रगताम्य हुन पुग्यो । कृतवर्मा अत्यन्त क्रोधित भएर तीनवटा बाणबाट भीमसेनमाथि वार गरे तथा अन्य पनि जम्मैजना महारथीलाई बाण हानेर घाइते पारिदिए । यसपछि उनीहरूले पनि कृतवर्मामाथि सात/सात वटा बाण हाने । कृतवर्माले एउटा क्षुरप्र बाणबाट शिखण्डीको धनुषलाई काटिदिए । यसबाट कुपित भएर शिखण्डीले ढाल–तरबार उचालेर तथा तरबारलाई मच्चाएर कृतवर्माको रथमाथि फालिदिए । कृतवर्माले छिट्टै नै अर्को धनुष लिएर प्रत्येक पाण्डवहरूमाथि तीन/तीन वटा बाण हानेर घाइते पारिदिए तथा शिखण्डीलाई आठवटा बाण हानेर घाइते पारिदिए । शिखण्डीले पनि अर्को धनुष लिएर आफ्नो तीखो बाणले कृतवर्मालाई रोकिदिए । यसबाट कुपित भएर उनी शिखण्डीमाथि झनै जाइलागे । यतिबेला आफ्ना तीखो बाणबाट एकअर्कालाई व्यथित गर्दै ती महारथीहरू प्रलयकालीन सूर्यझैं देखा परिरहेका थिए । कृतवर्माले महारथी शिखण्डीमाथि त्रिहत्तरीवटा बाण हानेर फेरि सातवटा बाणबाट उनलाई घाइते पारिदिए । यसबाट शिखण्डी मूर्छित हुन पुगे र उनको हातबाट धनुष खस्न पुग्यो । यो हेरेर उनको सारथिले बडो फुर्तीका साथ रथलाई रणाङ्गबाट बाहिर लिएर गयो ।

शिखण्डीलाइ रथको पछिल्लो भागमा अचेत परेको हेरेर अन्य पाण्डव वीरहरूले कृतवर्मालाई आफ्नो रथबाट घेरामा हाले तर यतिबेला कृतवर्माले बडो नै अद्भूत पराक्रमको प्रदर्शन गरे । उनी एक्लैले ती जम्मै वीरलाई उनीहरूको सेनासहित परास्त गरिदिए । पाण्डवहरूलाई जितेर उनले पाञ्चाल, सृञ्जय र केकय वीरहरूको दाँत अमिलो पारिदिए । अन्तमा कृतवर्माको बाणबाट व्यथित भएर जम्मै पाण्डव वीरहरू युद्धभूमि छाडेर भागे ।

सञ्जयले भने– राजन्, अब तपाईंले जुन कुराबारे सोध्नुभएको थियो, त्यसबारे सुन्नुहोस् । कृतवर्माले पाण्डव सेनालाई लखेटेपछि सात्यकि बडो फुर्तीका साथ सामुमा आए । कृतवर्माले उनीमाथि तीखो बाणको वर्षा आरम्भ गरिदिए । यसमाथि सात्यकिले बडो फुर्तीका साथ उनीमाथि एउटा भल्ल र चारवटा बाण हाने । बाणबाट कृतवर्माका घोडा नष्ट भइहाले तथा भल्लबाट धनुष काटियो । फेरि उनले अनेकौं तीखो बाण हानेर कृतवर्माको पृष्ठरक्षक र सारथिलाई पनि घाइते पारिदिए । यस प्रकार उनलाई रथहीन गरेर महावीर सात्यकिले आफ्ना तीखो बाण हानेर उनको सेनालाई आच्छु–आच्छु पारिदिए । त्यस बाणवर्षाबाट पीडित भएर कृतवर्माको सेना यत्रतत्र भइहाल्यो । अनि सात्यकि अगि बढेर बाण वर्षा गर्दै गजसेनाको साथ युद्ध गर्न थाले । क्रमशः...

# नाथ सम्प्रदायमा नाद अनुसन्धान

शोध/अनुसन्धान



शीतल गिरी


**शक्ति जब शिवमा मिलेर एक हुन्छ, तब साधनाको सम्पूर्ण क्रिया पूर्ण हुने हुँदा यस तत्त्वलाई थाहा पाउनु, बुझ्नु र योगाभ्यासद्वारा चरितार्थ गर्नु योगी साधकको कर्तव्य हो । 'ॐ' या 'प्रवण' शक्ति–तत्त्वको नै स्वेच्छा आत्माभिव्यक्ति हो । यो अभिव्यक्ति ध्वनि–रूपमा छ ।**

प्रायः भन्ने गरिन्छ कि सिद्ध योगी 'अनाहत नाद' को श्रवण गर्दछन् । पौरस्त्य आध्यात्मिक साधनाका सबै पद्धतिले 'ॐ' (प्रवण)लाई परमात्माको अद्वितीय ध्वनि–प्रतीक मानेको छ । यसलाई ब्रह्मको प्रथम प्रवर्तक भनिन्छ । नाथ–योगीको अनुसार यो शक्ति–तत्त्वको स्वेच्छया ध्वनि रूपमा आत्म–अभिव्यक्ति हो । आस्थावादी साधक यस्तो विश्वास गर्ने गरेका छन् कि यो वेदको आत्मा हो र यसमा त्यसको वास्तविक अर्थ निहित छ । यसलाई विश्व–हृदय र मानव–हृदयको नित्य सङ्गीत मान्ने गरिएको छ । यो एउटा यस्तो ध्वनि हो, जो कुनै किसिमको आघात या घस्रणबाट उत्पन्न हुँदैन । प्रत्येक उच्चारित ध्वनि स्वर–यन्त्रको आघातबाट उत्पन्न ध्वनिहरूको मूलमा निहित सर्वव्यापक अखण्ड ध्वनि हो । यो उच्चारणको लागि होइन, बरु मनलाई स्थिर र वृत्तिहरूलाई एकाग्र गरेर अनुभूत गर्नको लागि हो । परमात्माको यस ध्वनि–प्रतीकको अनुसन्धानलाई नै 'नाद अनुसन्धान' भनिन्छ ।

साधनाको प्रारम्भिक स्थितिमा योगी आँखा र कानलाई होशियारीका साथ बन्द गरेर 'ॐ' को दीर्घ उच्चारण (ओ–ओ–उ–उ–म–म) गर्दछ र सम्पूर्ण ध्यान यसै उच्चारित ध्वनिमा केन्द्रित गर्दछ । यो क्रिया एकान्तमा गर्ने गरिन्छ । रातिको नीरवतामा या निर्जन वन–खण्डमा या पहाडको गुफा जहाँ गएर साधक 'प्रवण'को उच्चारण गर्दछ । बाहिरका सबै किसिमका ध्वनिहरूबाट चित्त हटाएर योगीले यसै ध्वनिलाई आफ्नो हृदयभित्र सुन्ने अभ्यास गर्दछ । यो अभ्यास सजिलो भने छैन । यसमा योगका तीनवटा प्रक्रिया प्रत्याहार, धारणा र ध्यानले कार्य गर्दछ । साधकको चेतना जब 'ॐ' को अनाहत नीरव ध्वनि–प्रवाहबाट अभिन्न हुन्छ, तब अहम् र इदम् या आत्मा र परको भेद हटेपछि साधक योगी 'शिव' रूपमा पुग्दछ । यस साधनामा पनि अप्ठ्याराहरू आउँछन् तर त्यो बाहिरबाट नभएर भित्रबाट उत्पन्न हुन्छ । योगी साधक जब बाहिरको ध्वनिहरूबाट विरत भएर चित्तवृत्तिलाई हृदयस्थ 'अनाहतनाद'मा केन्द्रित गर्दछ, तब विघ्न–बाधाको रूपमा आफैंभित्र अनेक प्रकारका मधुर ध्वनिहरू सुन्न थाल्दछ । कहिले मादल बजेको, कहिले बादल गर्जेको, कहिले शङ्ख बजेको, कहिले घण्टीको मधुर ध्वनि, कहिले बाँसुरीको मधुर ध्वनि, कहिले माहुरी भुनभुन गरेको । यस्ता ध्वनिले साधकको ध्यान भङ्ग गर्न खोज्दछ । साधकले यी बाधाहरूमा विजय प्राप्त गरेर हृदयको अन्तरतम प्रदेशमा नित्य हुने अनाहतनादको अनुसन्धान गर्नुपर्दछ । चित्तलाई एकाग्र गर्नको लागि शरीरको मध्य भागमा मानिएको 'अनाहतनाद' नाथ योगीहरूद्वारा मान्यताप्राप्त छ चक्रमा चौथो हो । यसभन्दा माथि 'विशुद्ध' र त्यसमाथि 'आज्ञा' चक्रको स्थिति मान्य छ । अन्तिम चक्र 'सहस्रार' हो । साधकको चित्त जसरी जसरी अनाहतनादमा लीन हुँदै जान्छ, त्यसरी त्यसरी उसको मन शुद्ध भएर उच्चारण चेतना–केन्द्रतर्फ बढ्न थाल्दछ । ऊ 'अनाहतचक्र'भन्दा माथि उठेर विशुद्ध चक्र र अनि त्यसभन्दा माथि 'आज्ञाचक्र'सम्म पुग्दछ र अन्ततः ऊ 'शिव'को निवास भूमि 'सहस्रारचक्र' मा पुग्दछ । जहाँ गएर नाद अनुसन्धानको प्रक्रिया पूरा हुन्छ । नाद अनुसन्धानको दार्शनिक आधार त्यही हो, जो नाथ सम्प्रदायको अद्वैत दर्शन हो । नाथ सम्प्रदायको दर्शन 'शक्ति' र 'शिव'को अद्वैत दर्शन हो । यही अद्वैत नाद अनुसन्धानको पनि लक्ष्य हो ।

मानव हृदय कहिले पनि पूर्ण शुद्ध नहुने हुँदा नित्य ध्वनित हुने अनाहतनाद पनि सामान्य जीवन–क्रममा सुन्न सकिन्न । योगी साधकले जब प्राणायामको साधनाले मनलाई नियन्त्रित गरेर अन्तर्मुखी बनाउँदछ, तब उसको चित्त नाद अनुसन्धानको योग्य हुन्छ । यस समयसम्म योगीको कुण्डलिनी–शक्ति जागृत भएर 'मूलाधार', 'स्वाधिष्ठान' र 'मणिपुर' चक्रलाई भेदन गरिसकेको हुन्छ । योग–साधना शक्तिलाई शिवसँग, बाह्यलाई अन्तः को साथ, अंशलाई अंशीको साथ, शरीरबद्ध आत्मचेतनालाई नित्य मुक्त आत्माको साथ र सीमाबद्ध चेतनाको सर्वव्याप्त विंनिरपेक्ष परम चेतनाको साथ मिलन र समरसत्व प्राप्त गर्ने साधन हो । यस साधनाको प्रतिपादन अनेक रूपमा गरिएको छ । 'शक्ति' र 'शिव' को समरस हुने क्रियालाई धेरै माध्यमबाट बताइएको छ । शक्ति जब शिवमा मिलेर एक हुन्छ, तब साधनाको सम्पूर्ण क्रिया पूर्ण हुने हुँदा यस तत्त्वलाई थाहा पाउनु, बुझ्नु र योगाभ्यासद्वारा चरितार्थ गर्नु योगी साधकको कर्तव्य हो । 'ॐ' या 'प्रवण' शक्ति–तत्त्वको नै स्वेच्छा आत्माभिव्यक्ति हो । यो अभिव्यक्ति ध्वनि–रूपमा छ । अव्यक्त 'शिव' नै सबै किसिमका नाद (ध्वनि)हरूको आदि स्रोत हो । नाद अनुसन्धानको साधना यसै आदि स्रोतको अनुसन्धानको साधना हो ।

# लभ इन वीरगंज



धारावाहिक नाटक

समीर पाखिन

इमान सिंह : हो, थापाजी ।

थापाजी : म एकचोटि पुगेको छु । रमाइलो पहाडी बस्ती रहेछ । इमान सिंहजीले एकदम उत्तम योजना बनाउनुभएको रहेछ । तर बाहुनको छोरो भएर बङ्गुर पाल्दा समाजले केही भन्ने हुन् कि ?

इमान सिंह : उद्यम गरेर खानलाई जातपातले छेक्दैन थापाजी । जातले खान पनि त दिंदैन नि । गरेका छन् नि त धेरैले ।

थापाजी : त्यो त हो । जेहोस्, राम्रो योजना बनाउनुभएको रहेछ खुशी लाग्यो । ल त है बेलुकी भेटौंला ।

दुवै छुट्टिएर आआफ्नो गन्तव्यतिर बढ्छन् ।

ooo

समय : मध्याह्न । स्थान : घण्टाघरको पत्रिकापसल ।

प्रीतम बाइक रोकेर पत्रिका पढ्दैछ । केही क्षण पत्रिका पढ्दासमेत उषा आइनपुगेकीले नजीकैको पानपसलबाट चुरोट किनेर सल्काउँछ र तान्न थाल्छ । उषालाई घण्टाघरतिर आइरहेको देखेपछि प्रीतमले हतारहतार चुरोट फाल्छ ।

प्रीतम : उषा, म यता छु ।

उषा : कतिबेला आइपुग्नु'भो ?

प्रीतम : भयो दश मिनेट जति । अनि जतिबेला कल गर्दा पनि ब्यालेन्स सिद्धियो मात्रै भन्छ्यौ त उषा ? इनकमिङ कलमा त पैसा लाग्दैन होइन र ?

उषा : तीन दिनका लागि पचास रुपैयाँ दिनुहुन्छ बाबाले, अनि सकिंदैन त ? टन्न ब्यालेन्स भर्नका लागि त आफ्नो कमाइ हुनुपर्‍यो नि । अँ पहिला नास्ता गर्ने होइन त ?

उषा प्रीतमको बाइकमा बस्छे ।

प्रीतम : त्यसो भए कता जाने त ?

उषा : आज फूड सेन्टर जानुपर्छ । त्यहाँको चिकेन मोमो ज्यादै मीठो हुन्छ ।

बाइक मेनरोडतिर हुइँकिन्छ । माईस्थान चोकबाट दायाँतिर मोड्न खोज्दा ट्राफिकले बाइक रोक्छ । उषाले त्यति नै बेला आफू ट्राफिक हवल्दार इमान सिंहकी छोरी भनेर परिचय दिएपछि बाइकलाई छाडिदिन्छ ।

ooo

समय : उही । स्थान : फूड सेन्टरको रूफ टप केबिन ।

प्रीतम र उषा आमनेसामने बसेर मोमो खाँदै एकअर्कालाई नियालिरहेका छन् । यति नै बेला वेटर आएर अरू केही ल्याउने हो कि भनेर सोध्छ ।

प्रीतम : उषा, अरू दुई हाफ माग्ने हो कि ?

उषा : भइहाल्छ नि । यो फूड सेन्टरको मोमो जति खाए पनि धीत मर्दैन । मानिसहरू टाढा–टाढाबाट मोमो खान फूड सेन्टर आउँछन् ।

प्रीतम : अनि उषा अस्ति कतिबेला घर फर्कियौ ?

उषा : त्यो दिन त बिजोग भयो नि ।

प्रीतम : किन ?

उषा : अङ्कित पनि अमलेखगंजबाटै घर फर्कछ । साथीहरू आआफ्नो ब्वायफ्रेन्ड लिएर हिंडिहाले । मचाहिं बसमा फर्किएको बस पथलैया पुगेर बिग्रियो । धन्न, बाबाले एकजना ट्राफिकलाई फोन गरिदिनुभयो र उसैले गाडी चढाइदियो र घर आएँ ।

प्रीतम : उषाको ब्वायफ्रेन्डको अवस्था खासै राम्रो छैन जस्तो छ । अहिलेको जमानामा गर्लफ्रेन्डलाई बाइकमा राखेर डुलाउन घुमाउन नसक्नेले, रेस्टुरेन्टमा लगेर टन्न खुवाउन नसक्नेले, बर्थ डेमा गतिलो गिफ्ट दिन नसक्नेले के लभ गर्नु ।

प्रीतमले मौका पारेर उषाको हात पक्रन्छ । उषाले प्रीतमतिर पुलुक्क हेर्छे । प्रीतम मुसुक्क हाँस्छ । यत्ति नै बेला प्रीतमको घरबाट फोन आउँछ ।

उफ् ! फेरि यो रीताले फोन गरी । (उठेर) एक्सक्यूज मी ! उषा, पार्टीको कल एकै क्षण है । (केही पर गएपछि) अँ भन, म अहिले निजगढतिर छु । किन ? ल ल म बेलुकीसम्म आइपुगिहाल्छु । ल राख ।

फोन काट्छ ।

पुल मरम्मतको लागि टेन्डर हालेको थिएँ । आउनु भनेर कल गरेको रहेछ जिविसले । अब उठ्ने होइन ? मलाई पनि फर्कन लेट हुन्छ । (खल्तीबाट हजारको नोट झिकेर बील तिरेपछि फर्केको पैसा उषालाई दिंदै ) ल राख उषा, मोबाइल रिचार्ज गर । अँ अर्को कुरा, मलाई प्रीतमजी होइन, प्रीतम मात्र भने पुग्छ है । ल लागौं ।

प्रीतम र उषा रेस्टुरेन्टबाट प्रस्थान गर्छन् ।

ooo

समय : उही । स्थान : वीरगंजको घण्टाघर ।

हवल्दार इमान सिंह खिन्न र उदास देखिन्छ । उनलाई आज ड्युटी गर्न खासै रुचि छैन । यसैले उनले झिल्केलाई जिम्मा लगाएर घरतिर जाने विचार गर्छ ।

क्रमशः

**न प्रहरीले ......**

पहिलेदेखि नै मदिरा पान गरेर जन्ती आएका ती युवाहरू खूब नाचे र रमाइलो गरे । जन्तेहरू खाना खान गइरहेका बेला पुनः उनीहरू मदिरापान गर्नको लागि मध्यरात्रिमा पोखरिया हानिए । सकेजति मदिरापान गरे । सेमरबारी चोक आसपास मोटरसाइकलमा तीनजना सवार ती युवाहरू लडे । दुर्घटना भयो । प्रहरी तथा स्थानीय मानिसहरूले उद्धार गरे । एकजना मृतसहित दुईजना घाइतेको उपचारको लागि वीरगंज पठाइयो ।

**विगतबाट पाठ सिक्नुपर्छ**

पछिल्लो समय ड्राइपोर्टनजीकै एकजना शिक्षकको एकमात्र पुत्रको दुर्घटनामा परेर ज्यान गएको कुराले धेरैलाई भावविह्वल बनायो । इतिहासबाट पाठ सिक्नुपर्छ । विगतका घटना वर्तमान पुस्तालाई अवगत गराउनु आवश्यक छ । सामाजिकस्तरमा विकृतिको विरुद्धमा जनचेतना फैलाउनु नितान्त आवश्यक छ । अभिभावकहरूले आफ्ना सन्तानलाई यस्ता कुराहरूको बोध गराउनुपर्छ । सवारी चलाउन आउँछ वा आउँदैन ? चालक अनुमतिपत्र छ वा छैन ? सन्तानको मानसिकता कस्तो छ ? उसका साथीभाइहरू कस्ता छन् ? आदि कुराहरूको जानकारी राख्नु अभिभाकहरूको परम कर्तव्य हो । त्यस्तै, युवाहरू पनि सचेत हुनुपर्दछ । उद्दण्ड प्रवृत्तिका आफ्नै साथीभाइलाई सही बाटो देखाउनु पो नायकगिरी हो । हप्तामा एकपटक भए तापनि विद्यालयस्तरमा जोखिम र दुर्घटनासँग सम्बन्धित अवाञ्छित क्रियाकलापको विषयमा विशेष कक्षा सञ्चालन गर्नुपर्दछ । जोखिमयुक्त गतिविधि गर्नेहरूमाथि निगरानी र कारबाहीको लागि प्रत्येक चोकमा सिसिटिभी नितान्त आवश्यक छ । त्यसैले दुर्घटनाको कारक नबनौं, आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

# देशको अस्मिता

**- राजेन्द्रप्रसाद कोइराला**

जताततै बेथिति नै बेथिति छ यहाँ
तमाशा हेर्नेहरूको यहाँ कुनै कमी छैन
मुश्किलले कसैले भन्छ कि ठीक बाटो के हो भनी
अचम्मको यो संसारमा सीधासाधा धेरै छन्
जताततै दानवहरूको राज छ यहाँ
कठिन छ विश्वास गर्न कसैलाई यहाँ
प्रत्येक गल्लीमा फटाहा र लुटेराको राज छ यहाँ
स्याँस्याँ र फ्याँफ्याँमैं सबै व्याकुल छन् यहाँ
आखिर पाउनु नै के छ र
ब्वासैं ब्वासाको बास छ गल्ली, गाउँ, शहरमा
न त न्याय पाउने आस छ, न त समृद्धिको विश्वास छ
पीडा छ, वेदना छ, चित्कार छ, भतभती छाती पोल्छ,
जहाँ हेर्‍यो, त्यहाँ आआफ्ना क्रन्दन छन्
बोल्न खोज्यो बोल्न पाइँदैन यहाँ
तर लोकतन्त्रको डिङ हाकिन्छ यहाँ
देशमा ब्वासाहरूको राज छ
तिनका झोलेहरूको जगजगी छ यहाँ
यहाँ सबथोक बिक्रीमा छ
देशका जल, जमीन, जङ्गल बिक्रीमा छन्
धर्म, संस्कार, संस्कृति बिक्रीमा छन्
मन्त्रीहरू बिक्रीमा छन्
नेताहरू बिक्रीमा छन्
न्यायालयका न्यायमूर्तिहरू बिक्रीमा छन्
देशको अस्मिता नै बिक्रीमा छ
सक्ने भए ब्वासाहरूले हाम्रो गौरवपूर्ण इतिहासका गाथाहरू
सक्ने भए ब्वासाहरूले यो मातृभूमिको इज्जत र प्रतिष्ठा
मुलुकलाई नै बन्धकी राख्ने भए यी पाखण्डीहरूले
धरणीधर कोइरालाको कवितालाई पुनः सम्झिऔं र मनन गरौं
जाग, जाग, अब जाग न जाग
भो भयो अति सुत्यौ, अब जाग
जहाँ छौं, त्यहीबाट उठौं, जागौं
ब्वासाहरूलाई अब नपालौं
भो भयो अति भयो अब नपालौं ।

# अन्तर्राष्ट्रिय समाचार

## ओमिक्रोन देखिएपछि अमेरिकामा यात्राका नियममा कडाइ

वाशिङ्टन, १७ मङ्सिर/एएफपी

अमेरिकामा ओमिक्रोन भेरियन्टका आठ सङ्क्रमित देखिएपछि राष्ट्रपति जो बाइडेनले यात्रासम्बन्धी कडा नियमहरूको घोषणा गरेका छन् । तर बाइडेनले आफ्नो योजनामा लकडाउन भने नपर्ने र खोपसम्बन्धी यसअघिको निर्णयमा पनि परिवर्तन नहुने बताएका छन् ।


भारतको बङ्गलुरुस्थित एक बजारमा एकजना यात्रीको स्वाब नमूना सङ्कलन गर्दै स्वास्थ्यकर्मी । तस्वीरः सिन्हवा

न्यूयोर्क राज्यमा पाँचजनामा तथा मिनेसोटा र कोलोराडोमा अहिलेसम्म ओमिक्रोनको सङ्क्रमण एक/एक जनामा देखिएको छ । अमेरिकामा बुधवार क्यालिफोर्निया राज्यमा पहिलो ओमिक्रोन सङ्क्रमण देखिएको थियो।

स्वास्थ्य अधिकारीहरूले ओमिक्रोन भेरियन्ट देखिएका मानिसमा अहिलेसम्म सामान्य खालका लक्षणहरू देखिएको बताएका छन्। उक्त भेरियन्ट अहिलेसम्म कम्तीमा २३ वटा देशमा देखिइसकेको छ । बिहीवार सार्वजनिक गरिएको विवरण अनुसार अब सबै अन्तर्राष्ट्रिय यात्रीले अमेरिका जानुभन्दा २४ घण्टाअघि अनिवार्यरूपमा कोभिडको परीक्षण गरेको हुनुपर्छ। यो नियम पूर्ण मात्रा खोप लगाइसकेका मानिसको हकमा पनि लागू हुन्छ ।

अमेरिकासहित थुप्रै अन्य देशले आठवटा दक्षिण अफ्रिकी देशहरूमाथि यात्रा प्रतिबन्ध लगाएका छन्। ओमिक्रोन भेरियन्ट देखिएसँगै कोरोना भाइरस फैलिन नदिनका लागि जो बाइडेन नयाँ नियमहरूसहित अमेरिकी जनतासमक्ष देखिएका छन् ।

### ओमिक्रोन भेरियन्टको तेस्रो सङ्क्रमण पुष्टि

वाशिङ्टन/एएनआई/स्पुतनिक

संयुक्त राज्य अमेरिकामा ओमिक्रोन कोरोना भाइरस संस्करणको तेस्रो मामिला कोलोराडो राज्यमा पुष्टि भएको छ । गभर्नर जेरेड पोलिसले बिहीवार पत्रकार सम्मेलनमा उक्त कुराको जानकारी दिएका हुन् ।

केही क्षणअघि कोलोराडोको सार्वजनिक स्वास्थ्य र वातावरण विभागले ओमिक्रोन संस्करणको पहिलो कोलोराडो मामिला पुष्टि गर्‍यो। सङ्क्रमित दक्षिणी अफ्रिकाको यात्रा गरी भर्खर फर्किएकी हुन्। उनमा हाल हल्का लक्षणहरू देखिएको छ र घरमा अलग्गै बसेकी छन्। उनले खोप लिएकी थिइन् तर बुस्टर डोज भने लिएकी थिइनन्, गभर्नरले थपे । क्यालिफोर्निया र मिनेसोटामा अहिलेसम्म दुई अन्य मामिला फेला परेका छन्। ती सङ्क्रमित तीनैजनालाई खोप लगाइएको थियो ।

नयाँ ओमिक्रोन संस्करणको बढ्दो त्रासका बीच अमेरिकालगायत विश्वभरका सरकारहरूले पछिल्लो समय यात्रा प्रतिबन्ध र सार्वजनिक स्वास्थ्य उपायहरू बढाएका छन्।

राष्ट्रपति जो बाइडेनले बिहीवार जाडो मौसममा कोभिड भाइरस र नयाँ भेरियन्टविरुद्ध लड्न मदत गर्ने उद्देश्यले पाँच बुँदे योजना घोषणा गरेका थिए ।

### न्यूयोर्कमा एकै दिन ओमिक्रोनका पाँच सङ्क्रमित भेटिए

न्यूयोर्क/सिन्हवा

पछिल्लोपटक अफ्रिकामा भेटिएको भनिएको कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन भाइरसका सङ्क्रमितहरू अमेरिकाको न्यूयोर्क शहरमा एकै दिनमा कम्तीमा पनि पाँचजनामा देखा परेको अमेरिकाको न्यूयोर्क शहरका गभर्नर क्याथी होचुलले जानकारी दिएका छन् ।

अमेरिकाका स्वास्थ्य अधिकारीहरूले यो नयाँ भेरियन्ट बुधवार अमेरिकाको क्यालिफोर्नियामा पत्ता लागेको पाइएको बताएका थिए। त्यसको भोलिपल्टै अर्थात् बिहीवार मात्र यो भेरियन्ट न्यूयोर्कमा पनि पाइएको समाचार विभिन्न विदेशी सञ्चारमाध्यमहरूले दिएका छन् ।

यही नोभेम्बर २२ मा दक्षिण अफ्रिकाबाट आएका एकजना व्यक्तिमा सो भेरियन्ट देखिएको जानकारी क्यालिफोर्नियाको स्वास्थ्य विभागका अधिकारीहरूले बुधवार जानकारी दिएका थिए । उनको परीक्षणमा कोरोना पोजेटिभ देखिएपछि युनिभर्सिटी अफ क्यालिफोर्नियामा थप परीक्षण गरिएको थियो ।

त्यसैगरी, बुधवार नै अमेरिकाको अर्को शहर मिनेसोटामा पनि कोरोना भाइरसको नयाँ अर्थात् पछिल्लो घातक भेरियन्ट भनिएको ओमिक्रोन पत्ता लागेको बताइएको थियो। अमेरिकाको सेन्टर फर डिजीज कन्ट्रोल एन्ड प्रिभेन्सनले क्यालिफोर्निया, मिनेसोटा राज्य र न्यूयोर्क शहरमा ओमिक्रोनको सङ्क्रमण भएको पुष्टि गरेको पनि समाचारमा जनाइएको छ। यो भाइरस हप्ता दिन मात्र अघि दक्षिण अफ्रिकामा पत्ता लागेको बताइएको थियो । अहिले यो विश्वका करीब ३० देशमा भेटिइसकेको छ ।

### अमेरिकामा कोभिड-१९ खोपका मोबाइल केन्द्रहरू सञ्चालन गरिंदै

वाशिङ्टन/एएनआई/स्पुतनिक

संयुक्त राज्य अमेरिकाले एकै ठाउँमा परिवारले कोभिड-१९ को खोप र बुस्टर डोजहरू प्राप्त गर्न सक्ने ठाउँहरू उपलब्ध गराउन देशभर सयौं पारिवारिक खोप क्लिनिकहरू शुरू गर्न लागेको छ ।

यसबारे राष्ट्रपति जो बाइडेनले बिहीवार जानकारी दिदैं भनेका छन्, "आज म घोषणा गर्दैछु कि हामी देशभर सयौं नयाँ पारिवारिक खोप क्लिनिकहरू शुरू गर्दैछौं । यी केन्द्रहरूले सम्पूर्ण परिवारलाई एकै ठाउँमा खोपहरू प्रदान गर्नेछन् । जहाँ बच्चाहरूले खोप लिन सक्नेछन्, अभिभावकहरूले खोप लिन सक्नेछन् र उनीहरूले पहिलो वा दोस्रो मात्रा वा बुस्टर शटहरू पनि लिन सक्नेछन् ।"

राष्ट्रपति बाइडेनले राष्ट्रिय स्वास्थ्य संस्थानमा टिप्पणीको क्रममा भने–क्लिनिकहरू सामुदायिक स्वास्थ्य केन्द्रहरू र अन्य विश्वसनीय स्थानहरूमा अवस्थित हुनेछन्। यसैगरी, केही ठाउँमा मोबाइल क्लिनिक पनि सञ्चालन गरिनेछन् ।

राष्ट्रपति बाइडेनद्वारा कोभिड–१९ विरुद्ध लड्न र जाडो महीनाहरूमा नयाँ ओमिक्रोन भेरियन्ट बढ्ने सम्भावनालाई मध्यनजर गर्दै त्यसविरुद्ध लड्न सङ्घीय सरकारको विशेष योजनाको रूपमा यो घोषणा गरिएको हो । सरकारको पाँच बुँदे योजनामा राष्ट्रव्यापी खोप विस्तार गर्ने र बुस्टरको पहुँच, कोभिड–१९ परीक्षण पहुँच विस्तार गर्ने, सरकारको प्रतिक्रिया टोलीलाई बलियो बनाउने र बाँकी विश्वलाई खोप लगाउने प्रयासलाई गति दिनेलगायतका छन् ।

### भारतमा थप ९ हजार २१६ जना कोरोना सङ्क्रमित

नयाँ दिल्ली/सिन्हवा

भारतमा हिजो बिहीवार नौ हजार २१६ जनामा कोरोना सङ्क्रमण देखा परेपछि कोरोनाको कुल सङ्क्रमितको सङ्ख्या तीन करोड ४६ लाख १५ हजार ७५७ पुगेको केन्दीय स्वास्थ्य मन्त्रालयले शुक्रवार जानकारी दिएको छ। बिहीवार कोरोना सङ्क्रमणबाट ३९१ जनाको मृत्यु भएपछि कुल मृतकको सङ्ख्या चार लाख ७० हजार ११५ पुगेको छ । भारतमा अझै पनि ९९ हजार ९९६ जना सक्रिय सङ्क्रमित रहेका पनि समाचारमा जनाइएको छ ।

गएको २४ घण्टामा भारतमा आठ हजार ६१२ जना कोरोनाबाट मुक्त भएका छन् । यसैसँगै कोरोना शुरू भएयता हालसम्म तीन करोड ४० लाख ४५ हजार ६६६ जनालाई कोरोनाको सङ्क्रमण निको भएको छ ।

### बेइजिङमा एक करोड बढी मानिसले कोभिड-१९ को बुस्टर डोज लिए

बेइजिङ/सिन्हवा

शुक्रवार बिहान १० बजेसम्म चीनको राजधानीमा एक करोडभन्दा बढी मानिसले कोभिड–१९ को बुस्टर डोज लिएको स्थानीय स्वास्थ्य अधिकारीहरूले जनाएका छन् ।

सोही अवधिमा बेइजिङमा कोभिड–१९ खोपको कुल ५२.६ मिलियन डोज लगाइएको थियो । शहरमा खोप लिनेहरूमध्ये करीब ३० लाख ६० वर्ष वा सोभन्दा माथिका छन् । तीमध्ये पनि करीब १६०,००० खोप लिनेहरू ८० वर्ष वा सोभन्दा माथिका छन्।

हालसम्म बेइजिङमा दुई करोडभन्दा बढी मानिसहरूले कम्तीमा एक मात्रा खोप लगाइसकेका छन्। रासस


**आयुर्वेदको चमत्कार**

इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
**सहयोगीः**
**बैद्य सूर्यमान श्रेष्ठ**
मो. ९८६९३७७४७७, ९८०५९२७०३३


**आजको राशिफल**

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | रोगभय | वृष | व्यापारवृद्धि |
| मिथुन | अलमल | कर्कट | चोरभय |
| सिंह | भयचिन्ता | कन्या | धनलाभ |
| तुला | धनखति | वृश्चिक | सुयश |
| धनु | खर्चवृद्धि | मकर | धनलाभ |
| कुम्भ | सफलता | मीन | अस्वस्थता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


पारदर्शी बनौं,
भ्रष्टाचार रोकौं ।

**वीरगंज महानगरपालिका**



वीरगंज–१५, लक्ष्मनवा चोकमा पराल लोड गरेको ट्रकमा शुक्रवार साँझ आगलागी भएको थियो। वारुण यन्त्र र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिएको भएपनि आगलागीको कारण भने खुल्न सकेको छैन । तस्वीरः धर्मेन्द्र चौरसिया

## प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको अनुगमन

प्रस, विन्ध्यवासिनी, १७ मङ्सिर/

विन्ध्यवासिनी गाउँपालिकामा रहेका १४ वटा सामुदायिक विद्यालयमा सञ्चालित प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको गापा अध्यक्ष श्रीलाल साह कानूले अनुगमन गरेका छन् ।




नेपाल सरकार र युएसएआइडीको आर्थिक/प्राविधिक सहयोगमा सञ्चालित प्रारम्भिक कक्षा पढाइ कार्यक्रम अन्तर्गत सञ्चालित गृह विद्यालयको गाउँपालिका अध्यक्ष मोदीको नेतृत्वमा गरिएको अनुगमनमा शिक्षा शाखा संयोजक कपिल लामिछाने, प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका प्रमुख मित्रदेव यादवलगायतको सहभागिता थियो ।

टोलीले बहुअर्वाभाठा मावि अन्तर्गत सञ्चालित तीनवटै कलस्टरहरूको संयुक्तरूपमा अनुगमन गरेका थिए ।

प्रारम्भिक कक्षा पढाइ कार्यक्रम अन्तर्गत सञ्चालित गृह विद्यालयले सामुदायिक विद्यालयमा कक्षा १ देखि ३ सम्म अध्ययनरत विद्यार्थीहरूको शैक्षिक अवस्थामा सुधार पुगेको पाइएको गापाका अध्यक्ष कानूले बताए। गाउँपालिकाभित्रका १४ वटै सामुदायिक विद्यालयमा तीनवटा कलस्टरका दरले इजिआरपी कार्यक्रम सञ्चालित छ । कार्यक्रम प्रभावकारी र उपलब्धिमूलक भएकाले यसलाई निरन्तरता दिने अध्यक्ष कानूले प्रतिबद्धता जाहेर गरे।

तीन कलस्टरमा अध्ययनरत विद्यार्थीहरूको लागि किताब, कपी, सिसा कलम, इरेजरलगायतका शैक्षिक सामग्री निश्शुल्क व्यवस्थापन गरिएको हुँदा यसले विद्यार्थीलाई अध्ययनमा प्रेरित गरेको शिक्षा शाखा प्रमुख कपिल लामिछानेले बताए । उनले कलस्टरमा अध्यापन गराउने शिक्षकहरूलाई समेत सिकाइलाई प्रभावकारी बनाउन ट्याबको समेत व्यवस्था गरिएको जानकारी गराए ।

## विद्युत् चुहावट गर्ने बीसजना पक्राउ

प्रस, पंचगावाँ, १७ मङ्सिर/

नेपाल विद्युत् प्राधिकरण, पोखरिया वितरण केन्द्रले विद्युत् चुहावटविरुद्ध अभियानलाई जारी राखेको छ । यसै क्रममा बिहीवार राति बीसजनालाई विद्युत् चुहावटको आरोपमा नियन्त्रणमा लिएको छ ।

बर्वा, बहुअरी, डोकैला, रघुनाथपुर, रामभौरी, मधुवाहा र डमरापुलबाट विद्युत् चुहावट गर्ने बीसजनालाई पक्राउ गरिएको र रु ३ लाख दुई हजार जरिवाना असुल गरी छाडिएको केन्द्रले जनाएको छ । वितरण केन्द्रले इप्रका, पोखरिया र सशस्त्र प्रहरीको सहयोगमा विद्युत् चुहावट गर्नेविरुद्ध अभियान जारी राखेको सो कार्यालयले जनाएको छ ।

## तीन महीने इलेक्ट्रेशियन तालीम शुरू

प्रस, वीरगंज, १७ मङ्सिर/

धोबिनी गाउँपालिकामा तीन महीने बिल्डिङ इलेक्ट्रेशियन तालीम शुरू भएको छ । धोबिनी गापा–५ वडा कार्यालयमा शुक्रवार सो तालीमको उद्घाटन भएको हो ।

रोजगार तथा सीप विकास तालीम केन्द्र, वीरगंजका सञ्चालक वीरेन्द्र साह कानूले तालीम उद्घाटन गरेका थिए । रोजगार तथा सीप विकास तालीम केन्द्र, वीरगंज र व्यावसायिक शिक्षा तथा तालीम अभिवृद्धि परियोजना अन्तर्गत तीन महीने तालीम आयोजना गरिएको हो ।




तीन महीने तालीममा धोबिनी, छिपहरमाई, कालिकामाई गापाका २० जना सहभागी छन् । तालीमपश्चात् उनीहरूले सीप सिकेर आयआर्जन गर्न सक्ने बताइएको छ । तालीम उद्घाटन समारोहमा संस्थाका फिल्ड मोनिटर अरविन्दकुमार पटेल, प्रशिक्षकहरू मदन साह कानू, गोविन्दप्रसाद कुर्मीलगायतको सहभागिता थियो ।

## बालबालिकालाई न्यानो कपडा वितरण

प्रस, वीरगंज, १७ मङ्सिर/

३०औं अन्तर्राष्ट्रिय अपाङ्ग दिवसको अवसरमा वीरगंज महानगरपालिकाले आशा किरण केन्द्रमा रहेका सुस्त मनस्थिति एवं मस्तिष्क पक्षघातका बालबालिकाहरूलाई न्यानो कपडा वितरण गरेको छ ।

कार्यक्रमका अध्यक्ष उपप्रमुख शान्ति कार्कीले आशा किरण केन्द्रले गर्दै आएको कामको प्रशंसा गरिन्। उनले हालसम्मको कार्यमा महानगरको सहयोग रहँदै आए पनि आगामी दिनमा आफ्नो व्यक्तिगत र अन्य पालिकाको पनि सहयोग जुटाउने प्रतिबद्धता जाहेर गरिन् । संस्थाका महासचिव राजन श्रीवास्तवले आशा किरण केन्द्रले गर्दै आएको र आगामी दिनमा गर्ने गतिविधिबारेमा सहभागीहरूलाई जानकारी गराएका थिए। संस्थाका कोषाध्यक्ष सन्दीप मेहताले केन्द्रमा रहेका बालबालिकाका अभिभावकहरूलाई बेन्चको व्यवस्थापन आफ्नो निजी खर्चबाट गर्नुको साथै पछ्यौरी उपलब्ध गराएका थिए ।




कार्यक्रममा डा अशोक दासलगायतले शुभकामना व्यक्त गरेका थिए भने रजनी बर्मा, सिन्धु कुशवाहालगायतको सहभागिता थियो ।


**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# गृहसचिव पाण्डे र वीउवासङ्घका पदाधिकारीहरूबीच छलफल

प्रस, वीरगंज, १७ मङ्सिर/

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोधकुमार गुप्ताको नेतृत्वमा वीउवासङ्घका पदाधिकारीहरूले गृहसचिव टेकनारायण पाण्डेसँग होटल दियालो लर्ड्समा छलफल गरेका छन्।



गृहसचिव पाण्डेलाई वीरगंजमा स्वागत गर्दै अध्यक्ष गुप्ता। तस्वीर: सौजन्य

सो क्रममा अध्यक्ष गुप्ताले उद्योग, व्यापार, व्यवसायको विकास, प्रवर्द्धनका साथै सामाजिक, सांस्कृतिक क्षेत्रको विकासमा समेत वीउवासङ्घले योगदान दिँदै आएको बताए। वीरगंजलाई सुरक्षित बनाउन विभिन्न सङ्घसंस्था, स्थानीय तहसँगको सहकार्यमा सेफर वीरगंज परियोजनामार्फत नगरका विभिन्न स्थानमा सिसिटिभी क्यामराबाट निगरानी गरिरहेको बताए। यी सबै कार्यहरू सङ्घले स्थानीय वित्तीय संस्था, स्थानीय तह, विभिन्न सङ्घसंस्थामार्फत सञ्चालन गरेको र सरकारी सहयोग नरहेको बताए। उनले सिसिटिभी क्यामरालाई वीरगंजभरि व्यवस्थित गर्न गृह मन्त्रालयबाट आवश्यक सहयोग उपलब्ध गराउन गृहसचिवसँग आग्रह गरे।

साथै अध्यक्ष गुप्ताले सरकारले गठन गरेको औद्योगिक सुरक्षा बलपछि विघटन गरेको र सोही अनुरूपको सुरक्षा व्यवस्था गर्नुका साथै वीरगंज-पथलैया औद्योगिक कोरिडोरको लागि अत्याधुनिक रासायनिक दमकल र सीमावर्ती क्षेत्रमा विगतमा हुँदै आएको क्रस बोर्डर बैठकलाई पनि निरन्तरता दिन सुझाए। उनले भारतीय पर्यटकहरू नेपाल आउँदा स्थानीय सुरक्षाकर्मीहरूबाट ठगिनुपर्ने अवस्था रहेकामा त्यसमा सुधार गर्न गृहसचिवसँग आग्रह गरे।

गृहसचिव पाण्डेले आफू शान्ति सुरक्षाको सवालमा गम्भीर भएको र सेफर वीरगंज अभियानलाई गम्भीरतापूर्वक लिएको बताए।

कार्यक्रममा मन्त्रालयका सहसचिव हुमकला पाण्डे, नेपाल उद्योग वाणिज्य महासङ्घ प्रदेश नं २ का अध्यक्ष गणेशप्रसाद लाठ, नेपाल उद्योग वाणिज्य महासङ्घका कार्यकारिणी सदस्य गोपाल केडिया, प्रजिअ उमेशकुमार ढकाल, प्रहरी उपरीक्षक रमेश बस्नेत, सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्का, सङ्घका वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल, उपाध्यक्षद्वय हरि गौतम, माधव राजपाल, महासचिव मनोजकुमार दासलगायतको सहभागिता थियो।


महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसा नै महिला हिंसा हो, त्यस्ता हिंसा सामाजिक तथा कानूनीरूपमा अपराध हुन्।

कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं।

लैङ्गिक हिंसाविरुद्धको अभियान सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड







## कक्षा १२ को परीक्षाफल सार्वजनिक

भक्तपुर, १७ मङ्सिर/रासस

राष्ट्रिय परीक्षा बोर्ड सानोठिमीले शुक्रवार कक्षा १२ को परीक्षाफल सार्वजनिक गरेको छ। बोर्डको आज बसेको बैठकले नतीजा सार्वजनिक गरेको परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले जानकारी दिए।

उनका अनुसार कक्षा १२ मा तीन




लाख ७४ हजार १५ परीक्षार्थीमध्ये सात हजार ३६ जनाले 'ए' प्लस ग्रेड ल्याएको, ४८ हजार २३९ जनाले 'ए' ग्रेड ल्याएको, ७० हजार एकजनाले 'बी' प्लस र ९९ हजार ५३७ परीक्षार्थीले 'बी' ग्रेड ल्याएका छन्। 'सी' प्लस ग्रेड परीक्षार्थी ७५ हजार ८८ जना र 'सी' ग्रेड ल्याउने २४ हजार ५१५ परीक्षार्थी रहेको उनले जानकारी दिए।

बोर्डका अनुसार 'डी' प्लस ल्याउने परीक्षार्थीमा तीन हजार ८७५ रहेका छन् भने 'डी' प्लस ल्याउने परीक्षार्थी २९६ जना छन् भने १० हजार ७३ परीक्षार्थीले 'ई' ग्रेड ल्याएका छन्। परीक्षामा सहभागीमध्ये ४६ जना परीक्षार्थीको सम्पूर्ण विषयको परीक्षा रद्द गरिएको र चारजना परीक्षार्थीलाई आगामी एक वर्षसम्म बोर्डको कुनै पनि परीक्षामा सहभागी हुन नपाउने गरी रद्द गरिएको बोर्डले जानकारी दिएको छ।

बोर्डले विद्यार्थीको भौतिक उपस्थितिमैं भदौ ३० देखि असोज ८ गतेसम्म होम सेन्टरमा कक्षा १२ को परीक्षा लिएको थियो।

## खानेपानी निर्माणाधीन भवनको अनुगमन

बलिराम शुक्ला, बिरुवागुठी, १७ मङ्सिर/

खानेपानी तथा सरसफाइमन्त्री उमाकान्त चौधरीले पर्सागढी नगरपालिकामा निर्माणाधीन दुईवटा खानेपानी तथा सरसफाइ भवनको शुक्रवार अनुगमन गरेका छन्।

वडा नं ३ बडनिहार र मनवा बजारमा निर्माणाधीन भवनको अनुगमन गर्दै उनले आर्सेनिकमुक्त पानी उपभोक्तालाई वितरण गर्न निर्देशन दिए।

अनुगमनमा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, बाराका प्रमुख रवीन्द्र देव, सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका प्रमुख महेश महतो, नगरप्रमुख लोकनारायण यादव, उपप्रमुख अर्चना चौधरी, वडाध्यक्ष वेदमनदास थारू, किसुनदेवप्रसाद यादवलगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## अपाङ्ग दिवसमा ह्वीलचेयर म्याराथुन

प्रस, वीरगंज, १७ मङ्सिर/

३०औं अन्तर्राष्ट्रिय अपाङ्ग दिवसको अवसरमा शुक्रवार वीरगंजमा ह्वीलचेयर म्याराथुन आयोजना भएको छ। पुरानो बसपार्क आदर्शनगरमा आयोजित ह्वीलचेयर म्याराथुन प्रतियोगितामा रमेश महतो प्रथम, सन्तोष महतो द्वितीय र




तस्वीर: नितेश कर्ण

रामअयोध्याप्रसाद पटेल तृतीय भए।

उनीहरूलाई कार्यक्रमका प्रमुअ अतिथि प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले शिल्ड, प्रमाणपत्रबाट पुरस्कृत गरेका थिए। कार्यक्रममा प्रमुख सेनानी मनोज कार्की, सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्का, प्रहरी उपरीक्षक रमेश बस्नेत, प्रहरी नायब उपरीक्षक प्रह्लाद कार्की, अनुसन्धानका उपरीक्षक टीका पोखरेल, मानवसेवा आश्रमकी सानुमाया गुरुङलगायतको सहभागिता थियो।

## अन्तरविद्यालय फूटबल : एक्स सर्भिसम्यान र लोटस एकेडेमी विजयी

प्रस, जीतपुर, १७ मङ्सिर/

ग्रासरूट फाउन्डेशनको आयोजनामा सिमरामा जारी अन्तरविद्यालय फूटबल प्रतियोगिताको शुक्रवार भएको खेलमा एक्स सर्भिसम्यान चिल्ड्रेन एकेडेमी र लोटस एकेडेमी विजयी भए।



तस्वीर सौजन्य : अविनाश आचार्य

सिमरा रङ्गशालामा जारी प्रतियोगिताको दोस्रो दिन शुक्रवार दुई खेल भए। पहिलो खेलमा डुमरवानाको एक्स सर्भिसम्यानले नेपाल राष्ट्रिय मावि, औराहालाई शून्यका विरुद्ध एक गोलअन्तरले पराजित गऱ्यो। एक्स सर्भिसम्यानका विशाल चौधरीले खेलको १९औं मिनेटमा गरेको गोल आजको पहिलो खेलको निर्णायक बन्यो।

यसैगरी, दोस्रो खेलमा लोटस एकेडेमीले सेन्ट अल्फोन्सास स्कूललाई शून्यका विरुद्ध दुई गोलअन्तरले पराजित गऱ्यो। लोटसका आकाश मोक्तान र दिलकुमार विकले एक/एक गोल गरेका थिए।

भोलि शनिवार पनि दुई खेल हुनेछन्। पहिलो खेल नेपाल राष्ट्रिय मावि, पथलैया र नेपाल राष्ट्रिय मावि, सिमरा तथा दोस्रो खेल होली गार्डेन इङ्ग्लिश स्कूल, पथलैया र ब्राइटर एकेडेमी स्कूल, सिमराबीच हुने आयोजक ग्रासरूट फाउन्डेशनका अध्यक्ष दुर्गाबहादुर थापाले बताए।

## श्रीस्टार र फ्रेन्ड्स क्लबबीचको खेल बराबरी

काठमाडौं, १७ मङ्सिर/रासस

शहीद स्मारक 'ए' डिभिजन लिग फूटबल प्रतियोगिता अन्तर्गत शुक्रवारदेखि शुरू भएको तेस्रो चरणको पहिलो खेलमा श्रीटार क्लबले फ्रेन्ड्स क्लबसँग बराबरी खेल्दै अङ्क बाँडेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आज भएको खेलमा श्रीस्टार र फ्रेन्ड्स क्लबको खेल १-१ गोलको बराबरीमा टुङ्गिएको हो। दुवै टोलीले एक/एक अङ्क बाँडेका छन्। खेलमा पहिलो अग्रता भने फ्रेन्ड्स क्लबले लिएको थियो। खेलको ५१औं मिनेटमा फ्रेन्ड्सका नाथनिल जुड ग्रासियाले एक गोल गरे। कप्तान प्रकाश बुढाथोकीको क्रसमा फ्रेन्ड्सका ग्रासियाले हेडमार्फत गोल गर्दै फ्रेन्ड्सलाई पहिलो अग्रता दिलाएका हुन्।

त्यस्तै, श्रीस्टारका लागि भने मिक्छेन तामाङले गोल गरे। उनले खेलको ८३औं मिनेटमा एक गोल फर्काउँदै खेललाई १-१ को बराबरीमा ल्याए। यस बराबरी खेलसँगै श्रीस्टारले तीन खेलबाट चार अङ्क जोडेको छ। समान खेल खेलको फ्रेन्ड्सको भने दुई अङ्क छ। यसअघि पहिलो खेलमा श्रीस्टारले च्यासल युथ क्लबलाई ३-० गोलअन्तरले पराजित गरेको थियो भने दोस्रो खेलमा सातदोबाटोसँग १-० गोलअन्तरले पराजित भएको थियो।

त्यस्तै, फ्रेन्ड्स क्लबले पहिलो खेलमा सातदोबाटोसँग गोलरहित बराबरी खेलको थियो भने दोस्रो खेलमा सङ्कटा क्लबसँग २-१ गोलअन्तरले पराजित भएको थियो।

## राष्ट्रिय क्रिकेट : सुदूरपश्चिम प्रदेश फाइनलमा प्रवेश

काठमाडौं, १७ मङ्सिर/रासस

सुदूरपश्चिम प्रदेशले वाग्मती प्रदेशलाई आठ विकेटले पराजित गर्दै १९ वर्षमुनि (यू-१९) राष्ट्रिय क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शुक्रवार भएको खेलमा ९६ रनको विजयी लक्ष्य पछ्याएको सुदूरपश्चिमले २३ दशमवल एक ओभरमा दुई विकेट गुमाउँदै पूरा गऱ्यो। सुदूरपश्चिमको जीतमा नरेश भट्टले सर्वाधिक ३७ रनको योगदान दिए भने राहुल भण्डारी ३१ रनमा अविजित रहे। त्यस्तै, वसन्त कार्कीले ११ रन जोड्दा खड्कबहादुर बोहराले पाँच रन जोडे।

बलिङतर्फ वाग्मतीका गौतम केसी र प्रतिश जिसीले एक/एक विकेट लिए। त्यसअघि टस हारेर पहिले ब्याटिङ थालेको वाग्मती ३० दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै ९५ रनमा समेटियो। वाग्मतीका विवेक रानामगरले सर्वाधिक ३२ रनको योगदान दिए भने कृश कार्कीले १७ रन जोडे। त्यसबाहेक अन्य कुनै पनि ब्याट्सम्यानले दोहोरो अङ्कमा रन बनाउन सकेनन्। सूयांशु कोइराला आठ, उत्तम थापा छ, प्रशान्त महत एक, प्रतिश जिसी छ, गौतम केसी सात तथा विपुल खनाल तीन रनमा आउट भए।

सुदूरपश्चिमका हेमन्त धामी एक्लैले पाँच विकेट लिए भने शेर मल्लले चार विकेट लिए। सुदूरपश्चिम लिगमा दोस्रो स्थानमा रहँदै फाइनलमा पुगेको हो। लिगको शीर्ष स्थानमा भने लुम्बिनी प्रदेश रहेको छ। लुम्बिनी र सुदूरपश्चिम प्रदेशबीचको फाइनल खेल यही मङ्सिर १९ गते आइतवार हुनेछ।